


PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

NITCO
TILES MARBLE MOSAICO
Parsa Marble & Tiles Pvt. Ltd. Birgunj
Adarshnagar-10 in Front Of Panitanki
Gate Parsa Nepal 051-591592, 9811895095

❖ वर्ष ३४ ❖ २०७८ साउन २८ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 August 12 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३४५

## महानगरका विद्यालय घोषितरूपमा साउन ३१ गतेदेखि खुल्दै

प्रस, वीरगंज, २७ साउन/

जिल्ला कोभिड सङ्कट व्यवस्थापन समितिले छिमेकी जिल्ला बारामा सबैखाले विद्यालय सञ्चालन भइसक्दा पनि पर्सा विद्यालयहरू सञ्चालन गर्ने निर्णय गरेको थियो तर जिल्ला कोभिड सङ्कट व्यवस्थापन समितिले विद्यालय सञ्चालन गर्ने सम्बन्धमा कुनै निर्णय नगरेपछि जिल्लामा विद्यालय सञ्चालनको विषयमा मौन देखिएपछि वीरगंज महानगरपालिकाले यही साउन ३१ गतेदेखि महानगरका सामुदायिक र संस्थागत विद्यालय भौतिकरूपमा सञ्चालन गर्ने निर्णय गरेको छ।



विद्यालय खुल्ने जानकारी गराउँदै नगरप्रमुख सरावगी (दायाँ) र छलफलमा सहभागी सरोकारवालाहरू। तस्वीरः प्रतीक

बुधवार महानगरको सभाकक्षमा सरोकारवालाहरूसँगको छलफलपछि नगरप्रमुख विजयकुमार सरावगीले स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर मन्त्रालयको २०७७ सालको निर्देशन अनुसार महानगरपालिकाले आफ्नो क्षेत्रमा रहेका सामुदायिक र संस्थागत विद्यालय सञ्चालन गर्न लागेको बताए। उनले पहिलो चरणमा साउन ३१ गतेदेखि कक्षा ८ देखि १२ सम्मका विद्यार्थीलाई भौतिक सहभागिता गराइ विद्यालय सञ्चालन गराउने र त्यसपछि क्रमशः अन्य कक्षाहरू पनि सञ्चालन गर्ने बताए।

वीरगंज महानगरपालिकाले यस वर्षको शैक्षिक क्षेत्र असार १ गतेदेखि नै महानगरका सामुदायिक र संस्थागत महानगरका विद्यालयहरू सञ्चालन हुन सकेनन्।

समितिमा सदस्यसमेत रहेका नगरप्रमुख सरावगीले पटक-पटक समितिमा विद्यालय सञ्चालनको लागि आग्रह गर्दा प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेले मन्त्रिपरिषद्को निर्णयबाट मात्र विद्यालय सञ्चालनसम्बन्धी निर्णय हुने भनेर भौतिकरूपमा विद्यालय सञ्चालन गर्न रोक लगाएका थिए।

यसैबीच, आज महानगरपालिकाले नेपाल शिक्षक महासङ्घ, प्याब्सन, एन-प्याब्सन, सामुदायिक, संस्थागत विद्यालयका प्रधानाध्यापकहरूको सहभागितामा विद्यालय सञ्चालनसम्बन्धी बैठक गरेर साउन ३१ गतेदेखि कक्षा ८-१२ भौतिकरूपमा सञ्चालन गर्ने निर्णय गरेको हो।

बैठकमा नगरप्रमुख सरावगी, नेकपा माओवादीका रहबर अन्सारी, नेपाल शिक्षक महासङ्घ, पर्साका अध्यक्ष तीर्थराज यादव, महानगर अध्यक्ष विनोद मेहता, प्याब्सन पर्साका सचिव छेडुप लामा, महानगर अध्यक्ष विवेक चौरसिया, एन-प्याब्सन पर्साका अध्यक्ष रामसुन्दर चौधरी, महानगर शिक्षा शाखा प्रमुख अरविन्द कर्ण, स्वास्थ्य शाखा प्रमुख अरुण महतो, महानगरका सामुदायिक तथा संस्थागत विद्यालयका प्रअ, शिक्षक, नेपाल पत्रकार महासङ्घका सदस्य केसी लामिछानेलगायतको सहभागिता थियो।

महानगरले यसअघि र आज विद्यालय सञ्चालनसम्बन्धी निर्णय गरे पनि निर्णयअगावै नै महानगरका संस्थागत विद्यालयहरू सञ्चालनमा छन्। असारको दोस्रो सातादेखि महानगरका केही संस्थागत विद्यालय सञ्चालनमा आएका हुन् भने साउनको दोस्रो सातादेखि विनापोशाक सबै निजी विद्यालय भौतिकरूपमा सञ्चालनमा आइसकेका छन्।

तर जिल्लाभरिका सामुदायिक विद्यालय भने अहिलेसम्म सञ्चालनमा आएका छैनन्। जिल्लामा अन्य गापा, नपाका केही संस्थागत विद्यालय पनि सञ्चालन भइसकेका छन्।

## भ्रष्टाचारविरुद्ध पकाहामैनपुरमा युवा सञ्जालको प्रदर्शन

प्रस, वीरगंज, २७ साउन/

पकाहामैनपुर गाउँपालिकाका अध्यक्ष



तस्वीरः नितेश कर्ण

विजय चौरसियाले भ्रष्टाचार गरेको भन्दै युवाहरूले विरोध प्रदर्शन गरेका छन्। पालिकामा व्यापक अनियमितता भएको भन्दै सयौं युवाले बुधवार बिहान प्रदर्शन गरेका हुन्।

पकाहामैनपुर गाउँपालिकाको वडा नं १ देखि ५ सम्मका युवाले पकाहामैनपुर चोकबाट मोटरसाइकल र्‍याली निकाली भ्रष्टाचार बन्द गर, भान्जाको नियुक्ति खारेज गर, उपभोक्ता समिति पारदर्शी बनाऊ नारा लेखिएका प्लेकार्डसहित गाउँपालिका परिक्रमा गरी गापा कार्यालयअगाडि कोणसभा गरेका थिए।

कोणसभामा नेकपा एमालेका गापा संयोजक अकलेश साह, नेविसङ्घका राकेश कुशवाहा र जसपाका युवा नेता नवलकिशोर पटेललगायतले मन्तव्य राखेका थिए।

कोणसभापछि युवाहरूले गापा अध्यक्ष चौरसियालाई १५ बुँदे ज्ञापनपत्र बुझाएका थिए।

सो क्रममा कर्मचारी र युवाहरूबीच भनाभन हुँदा सामान्य झडप भएको थियो तर जनपद र सशस्त्र प्रहरीले स्थितिलाई साम्य पारेका थिए।

ज्ञापनपत्रमा लामो समयदेखि गापाका जनप्रतिनिधि र कर्मचारीहरूले काम नै नगरी बजेट पचाएको, गुणस्तरहीन विकास गरेको, जनताको काम र गुनासो सम्बोधन गर्न जनप्रतिनिधिले बेवास्ता गरेकोलगायतका गुनासाहरू बढेपछि विरोध प्रदर्शन गरिएको अकलेश साहले बताए।

गापाका जनप्रतिनिधिले गत आवदेखि कर्मचारीको मिलेमतोमा नीतिगत भ्रष्टाचार गरेको तथ्य फेला परेपछि ज्ञापनपत्रमार्फत पालिकामा भएका विकृतिहरू उजागर गरिएको सञ्जालका नवलकिशोर पटेलले बताए।

## रिलिफको साधारणसभा सम्पन्न, अध्यक्षमा योगेन्द्र यादव निर्वाचित

राधेश्याम पटेल, वीरगंज, २७ साउन/

रिलिफ सोसाइटी अफ कमर्शको ३०औं साधारणसभा सम्पन्न भएको छ।




तस्वीरः प्रतीक

वीरगंज-१० आदर्शनगरस्थित रिलिफ भवनमा आयोजित साधारणसभाले आगामी चार वर्षको लागि अध्यक्षमा योगेन्द्रप्रसाद यादवलाई निर्वाचित गरेको छ। महासचिव नीरज अग्रवाल, कोषाध्यक्ष सुनील खेतान, सदस्यहरूमा गणेश लाठ, सुनीलकुमार मोदी, मुर्ली जालान, अवधेश सरावगी, रमेश अग्रवाल, नारायण रूँगटालगायत ३० सदस्यीय कार्यसमिति निर्वाचित भएको प्रमुख निर्वाचन अधिकृत अधिवक्ता बालमुकुन्द खरेलले जानकारी गराएका थिए।

स्वास्थ्य तथा अन्य सामाजिक क्षेत्रमा ३० वर्षदेखि निरन्तर खटिरहेको संस्थाको यात्रा अनुकरणीय रहेको कार्यक्रमका मुख्य अतिथि तथा वीरगंज उद्योग

(बाँकी अन्तिम पातामा)

## बहुदरमाई नगरपालिकाको बजेट सार्वजनिक

प्रस, पर्सागढी, २७ साउन/

बहुदरमाई नगरपालिकाको सातौं नगरसभाबाट पारित आव २०७८/७९ को बजेट बुधवार नगरप्रमुख नितेन्द्र साह र उपप्रमुख गायत्रीदेवी यादवले संयुक्तरूपमा सार्वजनिक गरेका छन्।

बहुदरमाई नपाको सभाहलमा सम्पन्न कार्यक्रममा नगरप्रमुख साह र उपप्रमुख यादवले चालू आव २०७८/७९ को लागि रु ७२ करोड ५२ लाख ६२ हजार ७२३ को अनुमानित बजेट सार्वजनिक गरेका हुन्।

'विकास र समृद्धिको आधार शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारमा सुधार' नाराका साथ आज बजेट सार्वजनिक गर्दै नगरप्रमुख साहले भौतिक पूर्वाधारतर्फ ३२ करोड ३१ लाख १४ हजार ७२३, सामाजिक विकासतर्फ ९ करोड २५ लाख, आर्थिक विकासतर्फ २६ लाख, वन तथा विपद् व्यवस्थापनतर्फ ५१ लाख ५० हजार, संस्थागत तथा सुशासनतर्फ ६ करोड २० लाख १० हजार, मरम्मत



तस्वीरः प्रतीक

सम्भार कोषतर्फ ३० लाख, खेलकूद विकासतर्फ २ करोड ७ लाख ५० हजार, धर्म-संस्कृति प्रवर्द्धनतर्फ १७ लाख ५० हजार, सामाजिक सुरक्षा कार्यक्रमतर्फ ७ करोड ३६ लाख १३ हजार, खानेपानीफर्फ ५० लाख रुपैयाँ विनियोजन गरिएको बताए।

नगरप्रमुख साहले सङ्घीय सरकारको सशर्त अनुदान १९ करोड ४० लाख रुपैयाँ रहेको जानकारी गराए। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत विदुरप्रसाद उप्रेतीले स्वागत तथा सहजीकरण लेखाप्रमुख उपेन्द्र साह र हरिप्रसाद कुर्मीले गरेका थिए।

सामाजिक सुरक्षा कोषमा
सहभागी बनौं
सुरक्षित एवं सुखद
जीवनयापन गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

### रक्तदान गरौं

**प्रतीक दैनिक** ३५औं वर्षमा प्रवेश गर्न लागेको शुभ अवसरमा यस दैनिकको कार्यालय, त्रिमूर्ति सिनेमाहलनजीक श्रीपुर, वीरगंजमा साउन ३० गते शनिवार हुने रक्तदान कार्यक्रममा बिहान ७:३० देखि १०:३० बजेसम्म उपस्थित भई रक्तदान गर्नुहुन सम्पूर्ण रक्तदातामा अनुरोध छ।

**रक्तदान गर्न सक्ने अवस्था** : उमेर १८-६० वर्ष। तौल ४५ किलोभन्दा बढी र कुनै शारीरिक समस्या नभएको।

-**प्रतीक दैनिक**

## विचारसार एवं सूक्तिहरू

**जिन्दगीले मानिसलाई धेरै थोक दिन्छ, तर हामी त्यस चीजलाई सम्झेर दुःखी हुन्छौं, जुन पाउन सकिएन ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## दारुण अवस्था

**एउटा नराम्रो बेथितिले शिक्षा क्षेत्रमा जरो बसाल्न खोज्दैछ । त्यसको एउटा झल्को भर्खरै सम्पन्न नर्सिङ तथा फार्मेसी अध्ययनका लागि लिइएको प्रवेश परीक्षाले दिएको छ । सरकारले तोकेको कोटाभन्दा न्यून सङ्ख्यामा विद्यार्थीहरू उत्तीर्ण भएका छन् । नर्सिङ तथा फार्मेसीका विभिन्न सातवटा विधामा परीक्षा लिइएको थियो, जसमा बिएएसएलपीबाहेक सबै कोटामा न्यून परीक्षार्थी उत्तीर्ण भएका छन् । सरकारले यी सबै सात विषयका लागि अलग–अलग कोटा निर्धारित गरेको थियो । बिएस्सी नर्सिङका लागि निर्धारित कोटा थियो १२४० । यस परीक्षामा ३४७८ परीक्षार्थी सामेल भएका थिए, तर उत्तीर्ण भए जम्मा ५०४ । अन्य परीक्षाको पनि लगभग यस्तै नतीजा देखियो । एक त हामीकहाँ स्वास्थ्य जनशक्तिको नितान्त अभाव छ । सरकारले तीव्रगतिमा जनशक्ति तयार गर्न खोज्यो भने पनि सम्भव छैन, किनभने धेरैलाई पढाउने क्षमता सरकारसँग वा विद्यार्थीका लागि प्रयोगात्मक थलो उपलब्ध छैन । यस्तोमा सरकारले कोटा निर्धारित गर्दा जनशक्ति बढ्न नसक्ने समस्या त छँदैथियो, अब भएको कोटा अनुसार पनि विद्यार्थीहरू उत्तीर्ण हुन नसक्दाको अवस्था दुःखदायी नै मान्नुपर्छ ।**

**एकातिर यो समस्या देखिएको छ भने अर्कोतिर एमबिबिएस अध्ययनका लागि भएको परीक्षामा कोटाभन्दा बढी परीक्षार्थी उत्तीर्ण भएका छन् । १८३५ वटा एमबिबिएसको कोटा रहेकोमा सफल हुने परीक्षार्थीको सङ्ख्या ४३९१ रहेको छ । नेपालका चिकित्साशास्त्र पढाउने शिक्षण संस्थाहरूमा रहेको सिट सङ्ख्याभन्दा बढी परीक्षार्थी उत्तीर्ण भएकाले सबैले यहाँ पढ्न पाउँदैनन् । तीमध्ये हैसियत हुनेहरू त विदेशतिर लाग्लान्, तर नहुनेले के गर्ने ? एकातिर नर्सिङ र फार्मेसीको नतीजा, अर्कोतिर एमबिबिएसको नतीजा, यसबाट हामीले के सोच्ने ? पहिलो उब्जने विचार नर्सिङ र फार्मेसीका लागि आउने विद्यार्थीहरू सीधै विद्यालय शिक्षा सम्पन्न गरेका हुन्छन् । के विद्यालय तहको पढाइ यतिसम्म खस्यो कि तिनका विद्यार्थी प्रवेश परीक्षामा नै असफल हुन्छन् वा परीक्षा प्रणालीलाई अझ कठोर बनाएर शिक्षालाई नियोजित गर्न थालियो ? वा अभिभावकहरूले आफ्ना सन्तानको रुचि, रुझान नबुझेर करबलले उनीहरूलाई आफू निर्दिष्ट शिक्षा दिन खोजे ? कारण जे होस् परिणाम त दुःखद नै देखियो ।**

**नेपालमा अहिले जनस्वास्थ्यको अवस्था नाजुक छ । विश्व स्वास्थ्य सङ्गठनले निर्धारित गरेको कम्तिमा एक हजार जनसङ्ख्यामा एकजना चिकित्सक हुनुपर्नेमा नेपालमा १७२४ मा एकजना चिकित्सक छन् । यस्तोमा चिकित्सक, नर्स, फर्मासिस्टहरूको उत्पादन बढाउनु देशका लागि अत्यन्त आवश्यक छ । यो यस कारणले पनि कि अब संविधानले नै स्वास्थ्यलाई मौलिक अधिकार मानेको छ । सरकारले ज्येष्ठ नागरिकहरूका लागि निश्शुल्क स्वास्थ्य बीमा गरिदिने गरेको छ । सहुलियत दरमा अरूले पनि स्वास्थ्य बीमा गराउन पाउने नीति लागू भएको छ । तर के गर्नु, चिकित्सकहरूको तुलनामा बिरामी जनसङ्ख्या यति छ कि सरकारको यस सुविधाको फाइदा सेवाग्राहीले उठाउन पाउँदैन । अहिले प्राय: सबै पालिकाहरूमा एकभन्दा बढी सरकारी स्वास्थ्य केन्द्रहरू छन्, जसमा स्वास्थ्य जनशक्तिको नितान्त अभाव छ । चिकित्सकको कुरै छाडौं, गतिला स्वास्थ्यकर्मीसमेत यस्ता धेरै स्वास्थ्य केन्द्रहरूमा उपलब्ध छैनन् । ग्रामीण बर्थिङ सेन्टरहरूको कन्तबिजोग छ । एकजना स्वास्थ्यकर्मी बिदामा बस्दा गाह्रो पर्छ । यस्तोमा नर्सिङ, फार्मेसी र एमबिबिएस परीक्षाको नतीजालाई दुःखद नभनी के भन्ने ?**

# हाम्रा युवा : प्रवृत्ति र चुनौती

## स्वतन्त्र विचार




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**औसतमा हाम्रो युवापीढीमा नकारात्मक क्षमताको विकास भएको छ । यसतर्फ समाजका अगुवा तथा नीति निर्माताहरूले समयमैं ध्यान दिनुपर्छ र मुख्यगरी स्थानीय सरकारले यस्ता कार्यक्रमहरू ल्याउनु आवश्यक छ जसले गर्दा युवा–क्षमता उपयोग हुने वातावरण बन्न सकोस् ।**

हाम्रा युवा भनेर यहाँ प्रदेश दुईका युवाबारे चर्चा गर्न खोजिएको छ । प्रदेशका युवाहरूको प्रकृति र चुनौतीको विषयमा सामान्य प्रकाश पार्ने प्रयास गरिएको छ ।

प्रदेश दुईका अधिकांश जिल्लामा निरक्षरता बढी छ । जुन साक्षरता देखिन्छ, त्यो केवल कागजी हो कि भन्ने लाग्दछ । यस प्रदेशमा विपन्नता अत्यधिक छ । यही निरक्षरता र विपन्नताबीच हुर्केका युवा दुई किसिमका छन् : शहरी र ग्रामीण । शहरका वा ग्रामीण क्षेत्रका युवा भए पनि केही प्रवृत्ति समान देखिन्छ ।

अहिले दुई वर्षदेखि कोरोनाले सर्वत्र प्रभाव पारेको छ । बीचको केही समय कोरोनाको प्रभाव कम देखिएको थियो तर दोस्रो लहर शुरू भएदेखि अहिलेसम्मको परिस्थिति कोरोनामय नै रहेको छ । यस कोरोनाकालमा मुख्य गरी युवाहरूमा भने नकारात्मक प्रकृतिको विकास भएको छ ।

ती युवा, जो नपढीकनै एसइई पास गरे । हजारौं युवाले एघार वा बाह्रको परीक्षा पनि यसै गरी पास गरे । जसलाई कुनै मिहिनेतविनै स्नातकको परीक्षामा राम्रो नतीजा प्राप्त भयो । यिनमा आफूसित राम्रो डिभिजनले पास गरेको प्रमाणपत्रको अहम् देखिएको छ । कोरोनाकालको दुई वर्षमा जति परीक्षाहरू भए, त्यसमा उत्तीर्ण हुने विद्यार्थीहरूमध्ये अधिकांशमा आत्मविश्वास त देखिँदैन, तर अति अहम् भने छताछुल्ल भएको देखिन्छ ।

बज्जिका भाषामा एउटा उखान छ : गुन न धुन बोले अनाधुन । अहिले यही देखिएको छ कोरोनाकालमा उत्पादन भएको युवा पीढीमा । खासै केही गर्न नजान्ने तर अनेक खोट लगाउने गुनको विकास भएको छ । अहिलेको परीक्षाको सिस्टमले एउटा पुस्तालाई नै बिगारेको छ । पूरै बर्बाद बनाइदिएको छ । यदि बाहिर गएर नपढ्ने हो भने अब सम्हालिन गाह्रो हुने भएको छ । केही पढ्न नपर्ने, केही जान्न नपर्ने तथा कुनै परिश्रम गर्न नपर्ने तर विशिष्ट श्रेणीको प्रमाणपत्र हातमा हुने भएपछि बाहिर किन जानुपर्‍यो वा परिश्रम किन गर्नुपर्‍यो ? एउटा स्क्रिन टच मोबाइल र त्यसमा इन्टरनेटको व्यवस्थाका लागि घरमा जस्तोसुकै व्यवहार गरेर हुन्छ वा सहेर हुन्छ, सबै थोक गर्न तयार युवामा, अभिभावकले सोधेपछि, मोबाइलमैं पढिरहेको छु भन्ने झूटो बोल्ने प्रवृत्तिको विकास भएको छ । केहीले राम्रै गरेका होलान् तर औसत युवाले मोबाइलको दुरुपयोग गरेका छन् र आफ्नो समयको चरम दुरुपयोग गरेका छन् ।

युवामा कामचोर प्रवृत्तिको विकास पनि भएको छ । तिनका आफ्नै लागि गर्नुपर्ने काम छ भने पनि सकेसम्म कामै गर्न नपाए हुन्थ्यो, बढीभन्दा बढी प्राप्त हुन पाए हुन्थ्यो भन्ने प्रवृत्तिको विकास सरुवा रोगजस्तै सरेको देखिएको छ । आफ्नो गल्ती नदेख्ने अनि अरूमा बलजफ्ती गल्ती खोजेर आफू निर्दोष बन्न खोज्ने प्रकृतिको विकासले युवाको भविष्य कमजोर बनाउँदै लगेको छ । कुनै कार्यालयमा जाँदा के गर्न गएको हो भन्ने कुरा मुखले भन्ने र मौखिक भनाइकै आधारमा काम राम्ररी सम्पन्न होस् भन्ने चाहना राख्ने स्वभावका भएका छन् । के काम निवेदन लेखेर ल्याउनुस् भन्दा निवेदन लेख्न नचाहने, निवेदनमा लेखेको बेहोरा अनुसार काम गरिदिने हो भने त्यो काम नमिल्दा फेरि दोष कार्यालयकै कर्मचारीलाई दिने प्रवृत्ति विकसित भएको छ । अझ कतिपय युवा त आफू स्नातक पढ्ने, स्नातकभन्दा पहिलेको प्रमाणपत्रमा विशिष्ट श्रेणीको योग्यता भएको देखाउँदै मख्ख पर्ने वा गर्व गर्ने तर कुनै कार्यालयमा सामान्य निवेदन लेख्नुपर्‍यो भने अगाडि सर्दैनन् ।

युवामा प्राविधिक बन्ने चाहना अत्यल्प रहेको देखिन्छ । जीवनमा केही गर्नुपर्छ भन्ने चाहनाको अभावले गर्दा प्राविधिक बन्नेतिर उतिसारो ध्यान गएको देखिन्न । हो, अभिभावकको निरन्तर नियन्त्रणमा रहेका युवा, निम्न वर्गका दुःख पाएका युवा तथा केही आफ्नै रुचि अनुसार लाग्न चाहने युवामा भने सकारात्मक प्रवृत्ति देखिएको छ र तिनीहरूले प्रगति पनि गरेका छन् तर अधिकांश युवा जो सतही सोचका छन्, तिनीहरूमा भगवान्ले मुख दिएको छ भने अन्न पनि उसैले दिन्छ भन्ने भगवान भरोसे प्रवृत्ति पलाएको छ ।

अहिलेका युवा वैज्ञानिक सोच र विचारका हुनुपर्नेमा परम अन्धविश्वासी देखिएका छन् । अज्ञानताले गर्दा यस प्रकारको प्रवृत्ति छोड्न नसकेको हुनुपर्छ । गर्ने बेला अनेक तर्क गर्छन् तर अन्धविश्वास भने छाड्दैनन् । विज्ञानको चमत्कारको उपभोग गर्छन्, अन्धविश्वास पनि मान्छन् । यस प्रकारको प्रवृत्तिले नै अहिलेका युवालाई अगाडि बढ्न रोक लगाएको जस्तो भएको देखिएको छ ।

पढेको छु भन्नेहरूमा पनि प्रतिस्पर्धी क्षमताको अभाव देखिन्छ । प्रतिस्पर्धी क्षमताको अभावमा आरोप–प्रत्यारोप गर्ने तथा जातभातको कुरा गरेर आफूलाई पछाडि पारिएको कुतर्क गर्न पछाडि पर्दैनन् । कुतर्कको कुनै सीमा हुँदैन । मुख्यत: यस प्रकारका युवा आफ्नो अक्षमता लुकाउन यस्ता बहानाबाजी गर्दछन् । एक हप्ताभित्रकै एउटा उदाहरण रहेको छ :

एउटा क्याम्पसले लेखापाल पदको विज्ञापन गर्‍यो । शैक्षिक योग्यता र व्यावहारिक ज्ञान दुवै हुनुपर्ने भन्यो । लिखित, मौखिक र अन्तर्वार्ता गरी तीनवटै परीक्षा लिने बतायो । निर्धारित समयमा बाह्रवटा निवेदन आयो । एउटा निवेदन रीतपूर्वक देखिएन र रद्द भयो । निवेदन रद्द हुनेले सकेसम्म परीक्षा नै हुन नदिने वातावरण सिर्जना गर्न खोज्यो । आफ्नो मानिसलाई भर्ना गर्न मेरो निवेदन रद्द गरियो भन्ने उसको दाबी थियो । किनकि ऊ आफूलाई बलियो दाबेदार मान्दथ्ये । लिखित परीक्षा हुनु अघि अनेक कुरा बजारमा आए : कसैले यति पैसा दियो, कसैले नातेदारमार्फत सबै कुरा मिलाइसकेको छ, कसैले नेताबाट भन्न लगाएको छ, कसैले प्रश्नपत्र बनाउने मानिसलाई किनेको छ आदि, इत्यादि । लिखित परीक्षा भयो र नतीजा आयो । संयोग यस्तो कि लिखित परीक्षामा उत्तीर्ण हुन तोकिएको प्राप्ताङ्क कुनै पनि उम्मेदवारले प्राप्त गर्न सकेन । यदि कोही एकको नाम न्यूनतम पास मार्कका साथ निस्केको भए सबैले यही भन्थे कि उसले मिलाएको थियो, त्यसैले उसको मात्र नाम निस्क्यो ।

गाउँघरमा रेमिट्यान्स पसिसकेको छ । यसले केही नभए मलेसिया, कतार वा साउदी अरेयिबा गएर धन आर्जन गर्न सकिहालिन्छ, यहाँ धेरै दुःख गरेर पढ्नु वा नयाँ काम सिक्नुभन्दा विदेश गएर केही समयमैं धेरै धन कमाउन सकिन्छ भन्ने मनोविज्ञानको विकास भएको छ । परदेश जान खास योग्यता वा दक्षता पनि चाहिन्न । यहाँ मिहिनेत गरेर पढेर सानोतिनो नोकरी पाएर के हुन्छ ? केही नपढी, केही नसिकी विदेश गएर मजदूरी गरेर पनि राम्रो आर्जन गर्न सकिने मनोविज्ञान बनाउने प्रवृत्ति युवामा निकै घातक भएको छ ।

वादविवादमा अब्बल आजका युवामा झगडा गर्ने प्रवृत्तिको पनि विकास भएको छ । विवादले गर्दा कहिलेकाहीं पारिवारिक तथा सामाजिक समस्या पनि आएको देखिन्छ । अधिकांश विवाद तथा झगडामा युवकको भूमिका प्रशस्त देखिएको छ ।

लकडाउनले गर्दा युवामा दुर्व्यसन पनि बढेको छ । नियमित कुनै निश्चित अखबार वा अनलाइन हेर्ने हो भने लागू पदार्थको कारोबार, सेवन वा ओसारपसारमा युवकहरू नै अत्यधिक प्रतिशतमा संलग्न देखिन्छन् । युवकहरू गाउँघरमा समय बिताउन ताशमा पनि रमाएको देखिएका छन् । काम नगर्ने वा कामको बेला ताश खेलेर बस्ने नराम्रो प्रवृत्तिले गर्दा युवकहरूको सिर्जनशीलता तथा क्रियाशीलता कमजोर बनेको नै हो । अहिले हरेक गाउँमा ताश खेल्ने र कहींकहीं त जुवा नै खेल्ने प्रवृत्तिको विकास भइसकेको छ, जसलाई निकै घातक र खतरनाक मान्न सकिन्छ ।

सामाजिक सञ्जालले युवालाई एकातिर दुर्व्यसनी बनाएको छ भने अर्कोतिर अमूल्य समय नष्ट गर्न सहयोग गरिरहेको देखिएको छ । कतिपय युवालाई सामाजिक, सांस्कृतिक काममा मन लाग्दैन तर मोबाइलमा टिकटकका राम्रा डायलगसित अभिनय गरेर सामाजिक सञ्जालमा शेयर गर्न खूब मन लाग्छ । यसैगरी आजभोलि सडक किनार, बगैंचा, पुल, नदी किनार तथा केही प्राकृतिक सुन्दरताले भरिएको स्थानमा दुई चारजना मिलेर नाचेको वा नक्कली गीत गाएको पनि सजिलै देख्न सकिन्छ । यस्ता युवकहरूलाई यदि कतै कुनै गायन वा नृत्य प्रतियोगितामा सहभागी हुन भन्ने हो भने प्राय: सहभागी हुन खोज्दैनन् । स्थानीय संस्कृति, लोकगीत वा नृत्य संरक्षण गर्न अगाडि सर्नुपर्छ र त्यसको नेतृत्व युवापीढीले लिनुपर्छ भन्ने कुरामा चित्त बुझ्दैन । सामाजिक सञ्जालमा भने आफूलाई सजाएर शेयर गर्न, नृत्य र डायलग हाल्न तथा प्रगतिका लागि सरोकार राख्ने वा आफ्नो लक्ष्यमा अगाडि बढ्न सरोकार राख्ने तथा समाजलाई काम लाग्ने कुरा सामाजिक सञ्जालमा खोजेर राखूँ भन्दा झन्डै पाखे भएको बताउने युवा पीढीले गर्दा संस्कृति पनि कमजोर बन्दै गएको छ । वास्तवमा घनीभूतरूपमा संस्कृति लोप भएको अहिलेकै समयमा हो । युवा पीढीले आफ्नो जिम्मेवारी नबुझिंदिदा संस्कृतिमा अघोषित नकारात्मक हस्तक्षेप बढेको हो ।

सम्पत्ति–मोह पनि वर्तमान युवाको समस्या हुन् । केही दिन पहिले नेकपा एमालेका नेता वामदेव गौतमले पैतृक सम्पत्तिलाई फरक किसिमले परिभाषित गर्नेगरी एउटा लेख लेखेका थिए । त्यसमा उनले जमीन सरकारको हुनुपर्ने बताएका थिए । जसलाई उपभोग गर्न मन लाग्छ उसले लिज अर्थात् भाडामा लिन पाउँछ । सरकारी जमीनमा गगनचुम्बी महल बनाउँछन् चिनियाँहरू । सम्भवत: यस्तै प्रस्ताव हुनुपर्छ गौतमको । जमीनजति सरकारको हुनुपर्ने र उपभोगको अधिकार नागरिकलाई दिने हो भने केही हदसम्म भ्रष्टाचार पनि कम हुन्छ र सुकुम्बासी कोही पनि रहँदैनन् । हामीकहाँ एकपटक जमीन किनेपछि त्यसमा पैतृक हक लाग्दै पुस्ता–दर–पुस्ता हस्तान्तरण हुँदै जान्छ । यसले गर्दा पनि युवामा परिश्रम नगरी सम्पत्ति आर्जन गर्ने प्रवृत्ति बढेको हो । पुर्ख्यौली सम्पत्ति छँदैछ, मैले किन काम गर्नुपर्‍यो भन्ने अकर्मण्य मनोविज्ञानको विकासले गर्दा सम्बन्धित व्यक्ति, परिवार तथा समाज नै प्रभावित बन्न पुग्दछ ।

युवा पीढीमा सकारात्मक सोच र प्रतिस्पर्धी दृष्टिकोणको विकास नभएको होइन । केही दिन पहिले मात्र एमबिबिएस अध्ययनको लागि जुन नतीजा प्रकाशन भएको छ, त्यसले केही युवामा अत्यधिक प्रतिस्पर्धी क्षमता देखियो । तर औसतमा हाम्रो युवापीढीमा नकारात्मक क्षमताको विकास भएको छ । यसतर्फ समाजका अगुवा तथा नीति निर्माताहरूले समयमैं ध्यान दिनुपर्छ र मुख्यगरी स्थानीय सरकारले यस्ता कार्यक्रमहरू ल्याउनु आवश्यक छ जसले गर्दा युवा–क्षमता उपयोग हुने वातावरण बन्न सकोस् ।

# सप्तरीका प्रजिअद्वारा अशक्तलाई घरमैं नागरिकता

प्रस, सप्तरी, २७ साउन/

सप्तरीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले अपाङ्गता भएका एक व्यक्तिलाई घरमैं पुगेर नागरिकता प्रदान गरेका छन् । जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका वडा नं ४ निवासी प्रह्लाद मण्डललाई नागरिकता प्रदान गरिएको हो ।

अपाङ्गता भएका १९ वर्षीय मण्डल हिंड्डुल गर्न नसक्ने अवस्थाका छन् । उनको अवस्थाबारे जानकारी पाएपछि उनको घरमैं पुगेर नागरिकता प्रदान गरिएको प्रजिअ आचार्यले बताए । उमेर पुगेपछि राज्यको सेवासुविधाबाट वञ्चित हुनुनपरोस् भन्ने उद्देश्यले नागरिकता दिएको उनले प्रस्टयाए ।

नागरिकता प्रदान गर्ने क्रममा प्रजिअ आचार्यले मण्डललाई यथासक्य सहयोग गर्ने प्रतिबद्धता जाहेर गरेका छन् ।

सो अवसरमा उनले नागरिकता लिने उमेर र प्रमाण पुगेको तर अशक्त अपाङ्ग भई हिंड्डुल गर्न नसक्ने अवस्थामा रहेको जिल्लाका जोसुकैको घरमा पनि आफू पुग्न तयार रहेको प्रजिअ आचार्यले बताए ।






प्रजिअ आचार्य

मण्डलको घरमा जिल्ला प्रशासन कार्यालयको नागरिकता फाँटका कर्मचारीसहित प्रजिअ आचार्य पुगेका थिए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# चुनौती स्वीकार्दै आएको छु, निराश बनाउँदिनँ –घिसिङ

काठमाडौं, २७ साउन/रासस

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चुनौतीलाई स्वीकार गर्दै सरकारले दिएको जिम्मेवारीलाई पूर्णरूपमा आत्मसाथ गरेर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

अघिल्लो कार्यकालमा लोडसेडिङको अन्त्य, घाटाका गएको संस्थालाई नाफामा लगेर नयाँ अध्याय शुरू गरेको तथ्य पेश गर्दै घिसिङले भने, "यसपटक त्यति बेलाको भन्दा ठूला र विशाल चुनौती छन् । त्यसलाई स्वीकार गरेर आएको छु। मेरो एक्लो प्रयासले मात्रै केही हुँदैन। हामी सबै मिलेर काम गरौं। देश, जनता र राष्ट्रका अपेक्षा पूरा गर्न सकिन्छ ।"

आफूले प्राधिकरण छाडेर गएपछि शुरू भएका सकारात्मक कामलाई दिए । तत्कालीन नेपाली काङ्ग्रेस र नेकपा (माओवादी केन्द्र)को गठबन्धन सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले २०७३ भदौ ३० गते घिसिङलाई कार्यकारी निर्देशकमा नियुक्त गरेको थियो। चार वर्षे कार्यकाल पूरा गरेर २०७७ भदौ २८ गते उनले अवकाश पाएका थिए ।

आमजनताले प्राधिकरणमा पुनः घिसिङ आउनुपर्ने चर्को माग गरे पनि तत्कालीन केपी ओली नेतृत्वको सरकारले उनलाई जिम्मेवारी दिएन । मन्त्रिपरिषद्मा पुगेको पुनः नियुक्तिको प्रस्तावसमेत अस्वीकृत भएको तत्कालीन ऊर्जामन्त्री वर्षमान पुनले सार्वजनिकरूपमा नै बताएका थिए ।

**गठबन्धनको संयोग**

संयोग यतिबेला पनि त्यस्तै जुरेको



पदभार ग्रहण गर्दै कुलमान घिसिङ । तस्वीरः रासस

अगाडि बढाउने र गलत काम भएका छन् भने त्यसलाई सुधार गरेर अगाडि बढ्ने उनले आफ्नो कार्ययोजना रहेको बताए । अघिल्लोपटकभन्दा यसपटक जनताको अपेक्षा बढेको, ऊर्जाको क्षेत्रमा धेरै नयाँ काम गर्नुपर्ने दायित्व थपिएको भन्दै कार्यकारी निर्देशक घिसिङले भने, "मेरो व्यक्तिगत जीवनकै लागि यो सबैभन्दा ठूलो चुनौती हो। नयाँ जोशका साथ काम गरौं, काँधमा काँध मिलाएर अगाडि बढौं, विगतमा भन्दा ठूला सफलता पाउन सकिन्छ ।"

आमजनताको चाहना, प्राधिकरणको आवश्यकता र सरकारको योजनाका कारण आफूले प्राधिकरणमा दोस्रोपटक जिम्मेवारी पाएको भन्दै उनले यस कार्यमा सहयोग गर्ने सबैलाई धन्यवाद छ। तत्कालीन गठबन्धन सरकार जस्तै यतिबेला पनि काङ्ग्रेस, माओवादी केन्द्रलगायतका दलहरूको संयुक्त सरकारले घिसिङलाई पुनः नियुक्त गरेको छ । सोमवार बसेको मन्त्रिपरिषद्को बैठकले घिसिङलाई चार वर्षका लागि कार्यकारी निर्देशकमा नियुक्त गरेको हो।

उनलाई आज मात्रै ऊर्जामन्त्री पम्फा भुसालको उपस्थितिमा सचिव देवेन्द्र कार्कीले नियुक्तिपत्र दिएका हुन् । प्राधिकरणका कार्यकारी निर्देशक रहेका हितेन्द्रदेव शाक्यलाई जल तथा ऊर्जा आयोगमा विशिष्ठ श्रेणीबराबरको सुविधा उपलब्ध गराउने गरी पूर्णकालीन सदस्यका रूपमा नियुक्त गरिएको छ।

नवनियुक्त कार्यकारी निर्देशक घिसिङले शाक्य र आफ्नो नियुक्ति फरक-फरक ठाउँमा एकैपटक भएको जानकारी दिंदै शाक्यको विज्ञतालाई सरकारले ऊर्जा क्षेत्रको विकासमा प्रयोग गर्न लागेको अर्थमा बुझेको बताए ।

उनले जनताको अपेक्षालाई आफूले निराश नबनाउने भन्दै सबै मिलेर अगाडि बढे प्राधिकरणलाई सरकारका विभिन्न संस्थामध्येको नमूना बनाउन सकिने विश्वास व्यक्त गरे। उनले राजनीतिक नेतृत्व, कर्मचारी प्रशासनसँग समन्वय गरेर काम गर्न आफूलाई झनै सहज रहेको भन्दै देशको ऊर्जा क्षेत्रमा देखिने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

**निर्माणाधीन आयोजना सम्पन्न गर्ने अठोट**

प्राधिकरणमा आयोजित पदबहाली समारोहलाई सम्बोधन गर्दै उनले निर्माणमा रहेका आयोजनालाई शीघ्र सम्पन्न गराउनेतर्फ आफ्नो विशेष पहल रहने उल्लेख गरे। प्राधिकरण आफैंको आयोजना नभए पनि सहायक कम्पनीमार्फत अगाडि बढाइएका आयोजना लामो समयसम्म अगाडि बढ्न नसक्दा लागत र समय दुवै बढेको छ। चिलिमे जलविद्युत् कम्पनीका सहायक कम्पनीले अगाडि बढाएका आयोजनालाई आगामी एक वर्षभित्र पूरा गर्ने गरी काम गर्ने उनको भनाइ छ।

रसुवागढी, माथिल्लो सान्जेन, तल्लो सान्जेन र मध्य भोटेकोशी जस्ता आयोजना चिलिमेका सहायक कम्पनीमार्फत अगाडि बढेका छन्। यस्तै, राहुघाट, माथिल्लो त्रिशूली श्री बी जस्ता आयोजनासमेत समयमैं सम्पन्न गराउनेतर्फ आफू लाग्ने कार्यकारी निर्देशक घिसिङको भनाइ छ।

यस्तै, अन्य केही ठूला आयोजनाको काम शुरू गर्ने गरी आवश्यक तयारी भइरहेकोसमेत उनले जानकारी दिए । माथिल्लो अरुण, दूधकोशी, तामाकोशी पाँचौं र चैनपुर सेतीको वित्तीय व्यवस्थापन गरेर सकेसम्म स्वदेशी लगानीमा नै अगाडि बढाउने योजनासमेत उनले सुनाए ।

माथिल्लो तामाकोशी सञ्चालनमा आउँदा त्यसले वार्षिकरूपमा झन्डै रु २० अर्ब बराबरको आम्दानी गर्ने भएकाले ठूला आयोजना अगाडि बढाउन स्रोतको कुनै अभाव नहुने उनले उल्लेख गरे । कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोषलगायतका संस्थाबाट ऋण लिएर भएपनि आयोजना स्वदेशी लगानीमा नै निर्माण गर्न सकिने उनको भनाइ छ।

**वितरण प्रणालीमा सुधार र गुणस्तरीय बिजुली**

वितरण प्रणालीमा सुधार तथा औद्योगिक क्षेत्रमा बिजुली खपत बढाउने योजनाका साथ आफूले काम गर्ने उनको प्रस्टोक्ति छ । यस्तै, बिजुली नपुगेका नागरिकको घरमा बिजुली पुऱ्याउनका लागि सबैका साथ र सहयोग जरुरी रहेको उनको भनाइ छ । हाल ९२ प्रतिशत घरधुरीमा बिजुली पुगेको तथ्याङ्क उनले पेश गरे ।

बाँकी रहेको स्थानमा पनि एकाध वर्षभित्र बिजुली पुऱ्याउने, तराईका क्षेत्रमा सिंचाइ सुविधा विस्तारका लागि प्रणालीको स्थापना गर्ने आफ्नो योजना रहेको कार्यकारी निर्देशक घिसिङको भनाइ छ । यस्तै, गुणस्तरीय बिजुली उपभोग गर्न पाउने नागरिकको अधिकारलाई सकेसम्म सम्बोधन गर्ने उनले स्पष्ट पारे ।

देशभित्रै नै बिजुली खपत गर्ने योजनाका साथ काम गर्ने र बढी भएको बिजुली मात्रै भारत तथा बङ्गलादेशको बजारमा पठाउन सकिने उनको भनाइ छ । यस्तै, दोस्रो अन्तरदेशीय प्रसारण लाइनको रूपमा रहेको न्यू बुटवल गोरखपुर प्रसारण लाइनको कामसमेत छिट्टै शुरू हुने उनले विश्वास व्यक्त गरे ।

निजी क्षेत्रलाई अर्धजलाशयुक्त प्रकृतिका आयोजनामा अगाडि बढ्न आफूले सुझाव दिएको भन्दै त्यस्ता आयोजनाले मात्रै राष्ट्रिय आवश्यकताको सम्बोधन गर्ने उनको भनाइ छ। काठमाडौं उपत्यकामा भइरहेको बिजुलीको तार भूमिगत गर्ने काम प्रभावकारी हुन नसकेको भन्दै उनले चिन्ता व्यक्त गरे ।

शहरको सौन्दर्य बढाउने तथा तार र पोलरहित बनाउने उद्देश्यका साथ शुरू गरिएको कार्यक्रम प्रभावकारी बन्न नसकेको भन्दै उनले आजै निर्माण व्यवसायीलाई बोलाएर छलफल गर्ने जानकारी दिए। प्राधिकरणले प्रवाह गर्ने सेवामा कुनै पनि कमजोरी हुन नहुने भन्दै उनले राम्रो गर्नेलाई पुरस्कार र गलत गर्नेलाई दण्डको व्यवस्थासमेत कडाइका साथ लागू गर्ने घोषणा गरे ।

गलत गर्नेलाई कुनै पनि हालतमा छुट नदिने र कुनै पनि प्रकारको सम्झौता नगरिने उनको दृढता छ ।

प्राधिकरणलाई अझै सबल संस्था बनाउन सकिने विश्वास व्यक्त गर्दै उनले सबै मिलेर काम गरेको खण्डमा सुविधासमेत क्रमशः वृद्धि हुँदै जाने स्पष्ट पारे । उनले आफूलाई कार्यकारी निर्देशकका रूपमा पुनः नियुक्ति दिने

(बाँकी चौथो पातामा)

## दुई वर्षभित्र पूर्ण विद्युतीकरण -ऊर्जामन्त्री भुसाल

ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसालले २० युनिटसम्म खपत गर्ने विपन्न वर्गका ग्राहकलाई निश्शुल्क विद्युत् उपलब्ध हुने तथा दुई वर्षभित्र पूर्ण विद्युतीकरण गरिने बताएकी छ ।



ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसाल

मन्त्रालयमा बुधवार आयोजित पत्रकार सम्मेलनमा उनले विपन्न वर्गलाई निश्शुल्क विद्युत् उपलब्ध गराउने सम्बन्धमा नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिले निर्णय गरिसकेको छै र कार्यान्वयनमा ल्याइने जानकारी दिए । उनले सामाजिक उत्तरदायित्व अन्तर्गत गरीबीको रेखामुनि रहेका जनतालाई निश्शुल्क विद्युत् उपलब्ध गराउन लागिएको जानकारी दिइन् ।

नेपाल विद्युत् प्राधिकरण र सामुदायिक ऊर्जा उत्पादनका गरी २६ लाखभन्दा बढी ग्राहकले यस्तो सुविधा पाउनेछन् । ऊर्जामन्त्री भुसालले भनिन्, "विद्युत् खपत बढाउन, आयातित ग्यासलाई विस्थापन गर्दै आफ्नै देशमा उत्पादन हुने विद्युत्को उपभोग बढाउन अभिप्रेरित गर्नका लागि विद्युत् महसूल समायोजन गर्ने निर्णय भएको छ ।"

सरकारले 'विदेशी ग्यास छोडौं, स्वदेशी बिजुली जोडौं' भन्ने नाराका साथ विद्युतीय चुलोको प्रयोग बढाउँदै लाने नीति अघि सारेको छ । संयुक्त सरकारले ल्याएको न्यूनतम साझा कार्यक्रम, पूर्वमन्त्री, सचिव र महाशाखा अन्तर्गतका निकाय तथा विज्ञबाट प्राप्त सुझावका आधारमा जनतालाई छिटोछरितो सेवा प्रवाह गर्ने, विद्युत् र सिंचाइलाई उत्पादनका पूर्वाधारका रूपमा लिई देशलाई समृद्ध तुल्याउने सन्दर्भमा विभिन्न निर्णय भएको सो अवसरमा जानकारी दिइयो ।



**जङ्गलमा सर्प छोड्ने क्रममा बुबाछोरी** : पोखराका विभिन्न स्थानबाट उद्धार गरी ल्याइएका सर्प जङ्गलमा लगेर छाड्दै बुबाछोरी । पोखरा महानगरपालिका-६ जरेवरका आकाश भण्डारी विगत १६ वर्षदेखि निरन्तर सर्प उद्धार कार्यमा लागिरहेका छन् भने एक वर्षदेखि बुबासँगै ११ वर्षीया छोरी डेजी पनि सर्प उद्धारमा जुट्दै आएकी छन् । तस्वीरः रासस

## नेप्सेमा झिनो सुधार, कारोबार रकम १५ अर्ब ४५ करोड

काठमाडौं, २७ साउन/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधवार झिनो अङ्कले बढेको छ। मङ्गलवार उच्च अङ्कले बढेको नेप्से आज भने सुस्ताएको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार ०.९४ बिन्दुले बढेर नेप्से तीन हजार १६२.५९ मा पुगेको छ ।




यस्तै, ठूला कम्पनीका शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २.३८ बिन्दुले घटेर ५८५.७१ मा पुगेको छ । कुल २३० कम्पनीका दुई करोड ७२ लाख ९८ हजार ६२४ कित्ता शेयर रु १५ अर्ब ४५ करोड ५९ लाख ४१ हजार ७५४ मूल्यमा कारोबार भयो। नेप्सेका अनुसार कारोबार भएका १३ उपसमूहमध्ये पाँच उपसमूहको शेयर उकालो लागेको छ भने आठ उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ। बैंकिङ १४.१७, व्यापार ४९.६५, विकास बैंक ४१.२, वित्त १९.६६, उत्पादन ३.८४, अन्य १२.४३, सामूहिक लगानी कोष ०.११ र लगानी १.०३ बिन्दुले घटेको छ। यस्तै, होटल तथा पर्यटन १०२.९१, जलविद्युत् १४४.७९, निर्जीवन बीमा ७.९९ र जीवन बीमा १०.०५ बिन्दुले बढेको छ।

कारोबारका आधारमा माथिल्लो तामाकोशी जलविद्युत् कम्पनी शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको रु ६८ करोड ३० लाख ७१ हजार ७०१ बराबरको कारोबार भयो। यस्तै, अरुण भ्याली हाइड्रोपावर रु ५७ करोड ३७ लाख ७० हजार ६७९, अरुण काबेली पावर रु ५६ करोड १२ लाख ९३ हजार, अपि पावर कम्पनी रु ५३ करोड १७ लाख ४५ हजार ३८७ र आइसिएफसी फाइनान्स रु ५१ करोड ५१ लाख १३ हजार ३४४ बराबरको कारोबार भई शीर्ष स्थानमा रहे।

## छात्राहरूलाई साइकल वितरण

प्रस, सिम्रौनगढ, २७ साउन/

प्रदेश सरकारको 'छोरी पढाऊ,



तस्वीरः प्रतीक

छोरी बचाऊ' अभियान अन्तर्गत बुधवार सिम्रौनगढ नगरपालिकास्थित कङ्काली माविका कक्षा ८ मा अध्ययनरत १४५ जना छात्रालाई साइकल वितरण गरिएको छ।

प्रदेश सभामुख सरोजकुमार यादवले साइकल वितरण गर्दै सङ्घीयताले धेरै उपलब्धि ल्याएको दाबी गरे । उनले अहिले राजनीतिक अधिकार वृद्धि भएको र त्यसको देन सङ्घीयता नै भएको बताए। उनले सङ्घीयता लागू भएसँगै विकासले पनि फड्को मारेको बताए ।

सभामुख यादवले सङ्घीयता बलियो बनाउनेतर्फ आफूहरूको ध्यानकेन्द्रित रहेको दाबी गरे। उनले प्रदेश सरकारले सिम्रौनगढमा छिट्टै ५० शय्याको अस्पताल निर्माण गर्ने घोषणा गरे ।

सिम्रौनगढ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रप्रसाद साहले छोरी पढाउन सबैको निस्स्वार्थ भावना हुनुपर्ने बताए ।

उनले आमा शिक्षित भएको घरमा परिवार शिक्षित हुन्छ भन्दै छोरीलाई पढाउनेतर्फ सबैलाई अग्रसरता देखाउन आग्रह गरे । विद्यालयका प्रअ ध्रुवप्रसाद कुशवाहाको अध्यक्षतामा भएको कार्यक्रममा स्थानीय समाजसेवी रामनरेशकान्त कुशवाहा, शिक्षा संयोजक नूराजम सिद्धिकी, शिवमङ्गल पटेललगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा शिक्षक विनोद झाले स्वागत र अर्का शिक्षक अरविन्द महतो नुनियाले सहजीकरण गरेका थिए ।

## खोप खरीदका लागि एडिबीले सहुलियतपूर्ण ऋण दिने

काठमाडौं, २७ साउन/रासस

कोभिड-१९ विरुद्धको खोप खरीदका लागि नेपाल सरकार र एशियाली विकास बैंक (एडिबी) बीच रु १९ अर्ब ५८ करोड बराबरको सहुलियतपूर्ण ऋण सम्झौता भएको छ।




तस्वीरः फाइल

अर्थ मन्त्रालयमा बुधवार आयोजित समारोहमा सरकारको तर्फबाट अर्थ सचिव मधुकुमार मरासिनी र एशियाली विकास बैंकका देशीय निर्देशक आनो कुस्वाले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्। यो सहुलियतपूर्ण ऋण सहायताले एक करोड ५९ लाख मात्रा कोभिडविरुद्धको खोप खरीद गरी नेपाल सरकारको राष्ट्रिय खोप योजनालाई सहयोग पुग्नेछ। यसबाट ६८ लाख जनसङ्ख्या लाभान्वित हुनेछ ।

कार्यक्रममा अर्थसचिव मरासिनीले नेपाललाई सुरक्षित र प्रभावकारी खोपको उपलब्धताको सुनिश्चितताको लागि एशियाली विकास बैंकको यो सहायता

(बाँकी चौथो पातामा)

# जुम्ली काँचो स्याउ बजारमा : पहिचान गुम्ने खतरा

खलङ्गा, २७ साउन/रासस

परिपक्व नहुँदै जुम्ली काँचो स्याउ बजारमा देखा परेको छ।



बारीमा पाकेको स्याउ टिप्दै जुम्लाको तिला गाउँपालिका–१ का किसान विर्षकली रावत। तस्वीरः रासस

यहाँका स्याउ किसानले नपाक्दै स्याउ बजारमा लैजान थालेपछि गुणस्तर खस्कने खतरासमेत बढेको छ। जिल्ला कृषि विकास कार्यालय जुम्लाले भदौ १० गतेअगावै स्याउ नटिप्न आग्रह गरे पनि स्याउ व्यापारी र किसानले धमाधम स्याउ टिप्न थालेका छन्। केही किसानले व्यापारीलाई बगैंचामैं प्रतिकिलो रु ५० का दरले स्याउ बेचेका छन्।

सो काँचो स्याउ कर्णाली प्रदेशको राजधानी सुर्खेत, नेपालगंजका बजारसम्म पुगिसकेको छ। स्याउ पूर्णरूपमा कलर वा परिपक्व भएको छैन। गुलियोको मात्रा पनि कम छ। काँचो स्याउ लैजाँदा अमिलो हुने र जुम्ली स्याउको गुणस्तरीयतामाथि प्रश्न खडा भएको यहाँका स्थानीय तहका कृषि प्राविधिकहरू बताउँछन्। जुम्ला अर्गानिक स्याउको राजधानी हो। स्याउको पहिचानको जिल्ला जुम्ला हो। यहाँका हरेक घरमा न्यूनतम ५० देखि एक हजारभन्दा बढी बिरुवा भएका स्याउका बगैंचा छन्। यहाँका स्थानीयवासीको प्रमुख आम्दानीको स्रोतसमेत रहेको स्याउ पछिल्लो समयमा काँचो टिप्नाले समस्या देखिन थालेको कृषि विकास कार्यालय जुम्लाले जनाएको छ।

यही भदौ १० गतेभन्दा अगावै स्याउ नटिप्न किसानलाई आग्रह गरेको कृषि विकास कार्यालय जुम्लाका प्रमुख बालकराम देवकोटाले बताए। उनले भने– "देशका ठूला नाम चलेका बजारमा जुम्ली स्याउको पहिचान निकै राम्रो छ। राम्ररी पाकेको स्याउ लैजाँदा बजारीकरणमा समस्या आउँदैन। काँचो स्याउ बजारसम्म पुऱ्याउनु किसानका लागि फाइदाजनक हुँदैन। यसमा सबै किसान सचेत हुन जरुरी छ।" नपाकेको स्याउ लैजान नदिन सडक सञ्जालसँग जोडिएका स्थानीय सरकार र प्रहरी चौकीलाई भनिएको छ। किसान र व्यापारीको अटेरीपनका कारण जुम्लाको काँचो स्याउ बजार पुगेको छ। सो स्याउले यहाँको पहिचान गुम्ने खतरा देखिएको उनको भनाइ छ।

भदौ महीनाको दोस्रो सातादेखि मात्र जुम्ली स्याउ परिपक्व हुन्छ। एउटा स्याउमा हुनुपर्ने गुलियोपनले पूर्णता पाउँछ। स्याउमा पूरै कलर भरिन्छ। हेर्दै आकर्षक देखिने जुम्ली स्याउ हरियो कलरमा, टर्रो स्वादमा बिक्री हुन थालेपछि समस्या हुन थालेको छ। जिल्लाबाहिर स्याउ निर्यातका लागि सम्बन्धित गाउँपालिका तथा वडापालिकाको सिफारिश अनिवार्य हुनुपर्छ। यहाँका स्थानीय तहले स्याउ पाके/नपाकेको ख्याल नराखेर सिफारिश दिनाले समस्या भइरहेको छ। "हरेक वर्ष नपाकेको स्याउ निर्यात गर्न सिफारिश नदिनुहोला भनिराखेका हुन्छौं। तर स्थानीय सरकारले धमाधम सिफारिश दिन्छ" –प्रमुख देवकोटाले भने– "जुम्ली स्याउको पहिचान बचाउन स्थानीय सरकार संवेदनशील हुनैपर्छ।" अहिले नै जुम्लाको व्यापारी स्याउ खोज्दै बगैंचामैं पुग्छन्। बगैंचामैं पुगेको व्यापारीलाई किसानले सहजै स्याउ दिने गरेका छन्। कृषि विकास कार्यालय जुम्लाका अनुसार बगैंचामैं किसानले प्रतिकिलो रु ५० देखि ६० सम्ममा स्याउ बेचिरहेका छन्।

यहाँको स्याउ सुर्खेत र नेपालगंज बजारमा रु ११० मा किनबेच भइरहेको छ। व्यापारीले किसानबाट स्याउ लगेर दोब्बर फाइदा असुल गरिरहेका छन् तर यहाँका किसान नपाक्दै स्याउ व्यापारीलाई दिएर पहिचान धरापमा पार्दैछन्। परिपक्व भइसकेपछि टिपेको स्याउको मूल्य अझै बढ्न सक्ने कृषि प्राविधिकको भनाइ छ। यहाँ स्थानीय रेड, गोल्डेन, जनाथन र रोयल जातका स्याउ फल्छन्। उन्नत जाततर्फ रेड र गोल्डेन जातको स्याउ फल्छ। उन्नत जातको स्याउ पूर्णकलर भरिसकेपछि मात्र टिपिन्छ।

स्थानीय जातको स्याउ नपाक्दै टिप्न थालिएको छ। स्याउले बर्सेनि करोडौंको आम्दानी भित्र्याउँछ तर स्याउको गुणस्तरबारे किसानले चासो राखेको पाइँदैन। जुम्ली स्याउ काँचो टिप्ने परिपाटीको अन्त्य हुनुपर्ने यहाँका सरोकारवाला बताउँछन्। जुम्लामा अहिले तीन हजार आठ सय हेक्टरमा स्याउ खेती भइरहेको छ। कृषि कार्यालयका अनुसार बर्सेनि स्याउको क्षेत्रफलमा वृद्धि भइरहेको छ। यो वर्ष जिल्लामा रु १६ करोड मूल्य बराबरको स्याउ बिक्री हुने अनुमान गरिएको कृषि विकास कार्यालय जुम्लाले जनाएको छ।

# आन्द्रा र कलेजो बाहिर निस्किएको शिशुको शल्यक्रिया सफल

धरान, २७ साउन/रासस

जन्मँदै आन्द्रा र कलेजो पेटबाहिर निस्केको एउटा शिशुको धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको शल्यक्रिया सफल भएको छ। भोजपुरको दावा प्राथमिक स्वास्थ्य केन्द्रमा जन्मेका सिद्धेश्वर गाउँपालिका–४ मान्द्रेका सन्ध्या विकको शिशुलाई गत असार २१ गते प्रतिष्ठानमा भर्ना गरिएको थियो।

शिशुलाई एक महीनासम्म एनआइसियूमा राखेर प्रतिष्ठानका डा राजेश साहको टोलीले शल्यक्रिया गरी बाहिर निस्केको आन्द्रा र कलेजो मिलाएको थियो। बाह्र हजार शिशुमध्ये एकजनामा यस्तो समस्या आउने डा साहले बताए।

"विभिन्न कारणले जन्मनुभन्दा अगाडि पेट राम्ररी नबनेको बच्चा जन्मँदा यस्तो समस्या आउने गर्छ। यसलाई ग्यास्ट्रोजचेसिज भनिन्छ" –उनले भने। शिशुको नाइटोबाट पूरै आन्द्रा बाहिर निस्केकोमा १५ दिनसम्म प्लास्टिकको ब्यागमा हालेर एनआइसियूमा राखी शल्यक्रिया गरिएको थियो। जन्मँदा नानीको स्वरूप नै बिग्रेको थियो। शल्यक्रियापछि राम्रो भएको शिशुका बुबा नवराज परियारले बताए। शल्यक्रियापछि घाउ पाकेकोले आज चिकित्सकको सल्लाह अनुसार 'फलोअप' मा राखिएको छ।

पाँच वर्षअघि डा राजेश यस प्रतिष्ठानमा आएपछि यस्ता जटिल प्रकृतिका बच्चाको उपचार सहज र सुलभ




हुँदै आएको छ।

यसअघि भारत तथा काठमाडौंका महँगा अस्पतालमा यस्ता बिरामीको उपचार गराउँदा लाखौं खर्च हुने गर्थ्यो तर प्रतिष्ठानले भने शल्यक्रिया शुल्क १३ हजार मात्र लिंदै आएको छ। औषधि तथा अन्य सबै गरेर रु ५० हजारमा उपचार हुँदै आएको छ।

## खोप खरीद....

महत्त्वपूर्ण हुने उल्लेख गर्दै खोप अभियानले नागरिक जीवनको सुरक्षा गरी अर्थतन्त्रको पुनरुत्थानमा मदत पुऱ्याउने विश्वास व्यक्त गरे।

एडिबीका देशीय निर्देशक कुस्वाले यो सम्झौता कोभिड–१९ को चक्र तोडेर नागरिक जीवनको रक्षा गरी आर्थिक एवं सामाजिक पुनरुत्थानतर्फ अघि बढ्न सहयोगीसिद्ध हुने विश्वास व्यक्त गरे। उनले कोभिड–१९ सङ्क्रमणबाट सार्वजनिक स्वास्थ्य र राष्ट्रिय अर्थतन्त्रमा परेको असर व्यवस्थापन गर्न नेपाल सरकारलाई बैंकले पुऱ्याइरहेको सहयोगलाई आगामी दिनमा समेत निरन्तरता दिने बताए।

यसबाहेक एशियाली विकास बैंकबाट परिचालित प्राविधिक सहायताले खोप वितरणलाई प्रभावकारी बनाउने र सञ्चार तथा सामुदायिक सहभागितालाई बढावा दिंदै कोभिड–१९ विरुद्ध जनचेतना फैलाउन सहयोग पुग्ने विश्वास सरकारले लिएको छ।



तुलसीपुर उपमहानगरपालिका–१४ स्थित ड्वाङपुरमा रहेको प्राकृतिक धरोहरका रुपमा हात्तीढुङ्गा। तस्वीरः रासस

## चुनौती स्वीकार्दै....

नेपाल सरकार, ऊर्जा मन्त्रालय र नेपाली जनतालाई धन्यवाद दिंदै सकारात्मक कामका लागि सबैको साथ र सहयोग मिल्ने विश्वास व्यक्त गरे।


कार्यक्रममा प्राधिकरणाको आधिकारिक ट्रेड युनियनका संयोजक रामेश्वर पौडेलले प्राधिकरणलाई सक्षम संस्था बनाउन कार्यकारी निर्देशकसँग मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे।

## फरक समाचार

# पीडा ९ प्रकारका हुन्छन्

पीडा थुप्रै प्रकारका हुन्छन्। अमेरिकी वैज्ञानिकहरूले यसको वर्गीकरण गरेका छन्। क्रोनिक पेन अर्थात् लामो समयसम्म हुने पीडा ९ प्रकारका हुन्छन्। यो बुझ्न उनीहरूले बडी–पेन (शरीरको पीडा)को एउटा नक्शा तयार गरेका छन्।

यसमाथि अनुसन्धान गर्ने पिट्सबर्ग युनिभर्सिटीका वैज्ञानिकको भनाइ छ–




रोगीहरू यिनै ९ मध्ये एउटा पीडासँग जुझ्छन्। यो अध्ययन २१ हजार ५ सय व्यक्तिमाथि गरिएको हो।

**कुन पीडा खतरनाक हुन्छ, यो पत्ता लगाउन सकिन्छः** शोधकर्ताका अनुसार कम्प्युटर क्लस्ट्रिङ एनालिसिसको माध्यमबाट शरीरका अलग–अलग भागमा हुने पीडाको विश्लेषण गरिएको थियो। यसलाई ९ भागमा बाँडेका थिए। यी भागमा हुने पीडाको मदतबाट यो बताउन सकिन्छ कि पीडा कति तीव्र थियो, पीडाले शरीरमा कस्तो असर गर्छ र यसको शरीरको क्रियाकलाप, व्यवहार र निद्रामा कस्तो असर पर्न सक्छ। जस्तै पिठ्यूँको तल्लो भागदेखि शुरू भएर घुँडासम्म पुग्ने पीडाले घाँटी र काँधको पीडाको तुलनामा बढी दुःख दिन्छ। यस्ता व्यक्तिलाई हिंड्डुल गर्न समस्या हुन्छ तर यसमा बेचैनी, अवसाद र निद्राको समस्या अन्य प्रकारका पीडा सहनेको तुलनामा कम हुन्छ। शोधकर्ताको भनाइ छ, क्रोनिक पेनलाई बेवास्ता गर्नुहुँदैन। यसले बिमारीको खतरा बढाउँछ। भविष्यमा यस प्रकारको पेन म्यापले यसको उपचारमा मदत गर्छ। लामो समयसम्म यस्तो दुखाइ भयो भने चिकित्सकसँग सल्लाह लिनुपर्छ।

# पीडा घटाउने हेडसेट

वैज्ञानिकले पीडा घटाउने हेडसेट तयार गरेका छन्। वैज्ञानिकको दाबी छ यसलाई ८ सातासम्म लगाएपछि निद्रा, व्यवहार र जीवनको गुणस्तर पहिलेभन्दा राम्रो हुन्छ। बेचैनी र अवसादमा पनि कमी आउँछ। अनुसन्धानले भन्छ, पीडा घटाउनको लागि फिजियोथेरापी र पेनकिलरको प्रयोग गरिन्छ तर यो रोगीमाथि असरदार साबित हुँदैन। केही मामिलामा साइड इफेक्ट र केही मामिलामा यसको बानी पनि पर्छ।



**यसरी काम गर्छ हेडसेटलेः** अनुसन्धानकर्ता भन्छन्, यो सानो परीक्षणबाट यस डिभाइसलाई टाउकोमा लगाएपछि दुखाइमा कमी आएको थियो। यस हेडसेटले मस्तिष्कको ब्रेनवेव्स पढ्छ। त्यसपछि मस्तिष्कको दुखाइ हटाउन तयार हुन्छ। यस प्रकार लक्षणमा कमी आउँछ।


हेडसेटमा इलेक्ट्रो–एनसिफेलोग्राम (इइजी) प्रविधिको मदतले काम गर्छ। हेडसेटमा लगाइएका ८ वटा इलेक्ट्रोड टाउकोको स्किनमा राखिन्छ। यी इलेक्ट्रोडले दिमागको इलेक्ट्रिल गतिविधिमाथि निगरानी राख्छन्। यस इइजी मेशिनबाट छारेजस्तो रोग पनि पत्ता लगाउन सकिन्छ। यसलाई न्युरोफिडबैक थेरापीसँग जोड्न सकिन्छ। यस्तो भएपछि मसितष्कमा रहेको तथ्याङ्कलाई रोगीले एपमा हेर्न सक्छ। यसको मदतबाट मस्तिष्कको गतिविधिमाथि नियन्त्रण गर्न सकिन्छ। अर्थराइटिसजस्ता रोगमा तीव्र पीडा भएपछि मस्तिष्कले लगातार नर्भबाट सिग्नल पाउँछ। इइजी न्युरोफिडबैकको माध्यमबाट यो पीडा दिने ब्रेनवेव्सलाई थिच्छ र दुखाइ नहुने ब्रेनवेव्सलाई बढाउँछ। नोर्थैम्प्टनशायरका इस्ट मिडल्यान्ड स्पाइन क्लिनिकका स्पाइन सर्जन र अनुसन्धानकर्ता निक विर्चको भनाइ छ, मस्तिष्कले जुन पीडासँग सम्बन्धित सङ्केत पठाउँछ, त्यसलाई इइजी न्युरोफिडबैकको मदतबाट बदलिन सकिन्छ। हामी दुखाइ तब महसूस गर्छौं, जब छाला, जोर्नी र अङ्गमा रहेको विशेष प्रकारको रिसेप्टर नर्वको माध्यमबाट मस्तिष्कसम्म दुखाइको सङ्केत पठाउँछ। अनुसन्धानकर्ता भन्छन्, जब मस्तिष्कले दुखाइको जानकारी रोगीलाई एपमा पठाउँछ, तब रोगीले यी ब्रेनवेव्सलाई नियन्त्रण गर्ने कोशिश गर्न सक्छ। तीव्र दुखाइ भएका १६ जना रोगीमा परीक्षणको क्रममा घरमा ८ सातासम्म यस हेडसेटको प्रयोग गरिएको थियो। रोगीको दुखाइमा सुधार देखियो। ९० प्रतिशत रोगीले भनेका थिए, यसको मदतबाट निद्रा, स्वभाव, बेचैनी, अवसादमा सुधार भएको छ। अनुसन्धानकर्ताले न्युजिल्यान्डमा ठूलो सङ्ख्यामा परीक्षण गरेपछि बजारमा ल्याउने तयारी गरेका छन्। लिभरपुलमा द वाल्टन सेन्टरका कन्सल्टेन्ड न्युरोलोजिस्ट डा निक सिल्भर भन्छन्, पोर्टेबल इइजी न्युरोफिडबैक डिभाइस एउटा उत्कृष्ट रचना हो। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## बेलायतमा कोरोनाबाट पाँच महीनापछि सबैभन्दा धेरै मृत्यु

लन्डन, २७ साउन/सिन्ह्वा

कोरोना महामारीमा थप शक्तिशालीरूपमा देखा परेको 'इन्डियन कोभिड भेरिएन्ट'को सङ्क्रमण बेलायतमा पछिल्ला केही हप्तामा तीव्ररूपमा बढ्न थालेको छ ।


तस्वीरः रायटर्स

यहाँका अधिकारीले दिएको जानकारी अनुसार बेलायतमा पाँच महीनापछि सबैभन्दा धेरै नागरिकको कोभिडका कारण निधन भएको बताइएको छ ।

यहाँ गएको २४ घण्टामा १४६ जनाको यो सङ्क्रमणबाट निधन भएको छ । यो सङ्ख्या गएको मार्चको १२ तारिखपछिकै सबैभन्दा धेरै हो ।

उता अधिकारीले गत हप्ताको तुलनामा यसको सङ्क्रमण दुई गुणाले बढेको तथ्याङ्कले देखाएको बताएका छन् । बेलायती स्वास्थ्य मन्त्रालयले मङ्गलवार मात्र यहाँ २४ घण्टामा १४६ जनाको कोरोनाका कारण ज्यान गएको बताएको छ । योसमेत गरी यहाँ अहिलेसम्म कोरोना भाइरसबाट एक लाख ३० हजारभन्दा बढीको ज्यान गएको छ । यहाँ पछिल्लो समयमा मृत्यु सङ्ख्या बढ्न थालेको बताइएको छ ।

कोरोनाविरुद्ध खोपका कारण इन्डियन भेरिएन्टबाट सुरक्षित हुन सतर्क रहन यहाँको सरकारले भनिरहेको छ । यहाँ सङ्क्रमणको दर पनि बढ्दै गएको देखिएको छ ।

स्वास्थ्य अधिकारीले गएको २४ घण्टामा यहाँ २३ हजारभन्दा बढीमा कोरोना सङ्क्रमण देखिएको छ ।

योसमेत गरी अहिलेसम्म यहाँ यो सङ्क्रमणबाट ६१ लाखभन्दा बढी सङ्क्रमित भएका छन् । बेलायत सरकारले कोरोनाविरुद्ध खोप कार्यक्रमलाई पनि प्राथमिकतामा राखेको छ ।

**ब्रजीलमा मृत्यु हुनेको सङ्ख्या घट्न सकेन, एकै दिन एक हजार २११ जनाको मृत्यु**

साओ पाओलो/

ब्रजीलमा कोभिड–१९ बाट हुने मृत्यु अझै घट्न नसकेको यहाँका अधिकारीले जनाएका छन् ।

यहाँका अधिकारीका अनुसार पछिल्ला केही दिनमा कोभिडबाट हुने मृत्यु बढ्दै गएको छ । यहाँको स्वास्थ्य मन्त्रालयले गएको २४ घण्टाभित्र यहाँ कोभिडबाट एक हजारभन्दा बढीको ज्यान गएको बताएको छ ।

कोभिड–१९ बाट धेरै प्रभावित देशको सूचीमा रहेको ब्रजीलमा २४ घण्टामा कोरोना भाइरसबाट कम्तीमा पनि एक हजार २११ जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अधिकारीले दिएको जानकारी अनुसार योसमेत गरी यहाँ यस सङ्क्रमणबाट ज्यान गुमाउने नागरिकको सङ्ख्या पाँच लाख ६४ हजार ७७३ पुगेको छ । यहाँका अधिकारीले मङ्गलवार यसअघिका दिनको तुलनामा धेरै नागरिकको कोभिड–१९ बाट निधन भएको बताएका छन् ।

त्यसैगरी, ब्रजीलमा कोभिडबाट सङ्क्रमित हुनेको सङ्ख्या पनि गएको २४ घण्टामा करीब ३५ हजार रहेको छ । योसमेत गरी ब्रजीलमा कोभिडबाट सङ्क्रमित हुने नागरिकको सङ्ख्या दुई करोडभन्दा बढी रहेको ब्रजीलको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

ब्रजीलमा केही महीनाअघि कोभिड–१९ का सङ्क्रमित घटेको भएपनि पछिल्ला केही महीनामा भने यो सङ्ख्या बढ्दै गएको देखिएको छ ।

सरकारले नागरिकका लागि कोरोना भाइरसविरुद्धको खोप प्राथमिकतामा राखेको छ । ब्रजील सरकारले खोप दिने कामलाई देशव्यापी अभियानको रूपमा सञ्चालन गरेको छ ।

ब्रजीलको साओ पाओलो शहर सबैभन्दा बढी सङ्क्रमणमा परेको शहर हो । ब्रजीलमा हरेक एक लाखजना सङ्क्रमितमा करीब २६० जनाको निधन भएको तथ्याङ्कले देखाएको छ ।

**भारतमा २४ घण्टामा ३८ हजारभन्दा बढी सङ्क्रमित थप**

नयाँ दिल्ली/एएनआई

भारतमा कोरोना भाइरसबाट एकै दिनमा थप ३८ हजार ३५३ जना सङ्क्रमित भएका स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले बुधवार जानकारी दिएको छ ।

मन्त्रालयका अनुसार अहिले भारतमा सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या तीन लाख ८६ हजार ३५१ रहेको छ । सरकारी अधिकारीले दिएको जानकारी अनुसार सक्रिय सङ्क्रमितको यो सङ्ख्या १४० दिनयताकै सबभन्दा कम हो ।

थपिएका सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या बढी भएकोले सक्रिय सङ्क्रमितको सङ्ख्या घटेको हो ।

पछिल्लो एक दिनमा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या ४० हजार १३ रहेको छ । योसँगै भारतमा अहिलेसम्म तीन करोड १२ लाख २० हजार ९८१ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । कुल सङ्क्रमितमध्ये अहिलेसम्म ९७.४५ प्रतिशत मानिस सङ्क्रमणमुक्त भएको छ ।

भारतमा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या तीन करोड २० लाख ३६ हजार ५११ पुगेको सरकारी अधिकारीले जानकारी दिएका छन् ।

भारतमा कोरोना भाइरसका कारण पछिल्लो एक दिनमा ४९७ जनाको मृत्यु भएको छ भने अहिलेसम्म कुल मृतकको सङ्ख्या चार लाख २९ हजार १७९ पुगेको छ ।

भारतमा कोरोना शुरू भएदेखि हालसम्म ४८ करोड ५० लाख ५६ हजार ५०७ व्यक्तिको कोरोना भाइरस परीक्षण भएको छ । हिजो मङ्गलवार एकै दिन १७ लाख ७७ हजार ९६२ व्यक्तिको कोरोना भाइरस परीक्षण भएको थियो ।

भारतमा गत जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप शुरू भएको थियो । सो समयदेखि हालसम्म कोरोना भाइरसविरुद्ध ५१ करोड ९० लाख डोज खोप लगाइएको छ । रासस

## ग्रीसको इभियामा लागेको डढेलो नियन्त्रणमा

अथेन्स, ग्रीस, २७ साउन/एएफपी


ग्रीसको इभियामा लागेको भीषण डढेलो नियन्त्रण गर्नको लागि सयौं अग्निनियन्त्रक सङ्घर्ष गरिरहेका छन् ।

ग्रीसको इभिया टापुको जङ्गलमा लागेको डढेलो नियन्त्रणमा लिन अग्निनियन्त्रक दिनरात सक्रियरूपमा लागेका छन् । इभिया टापुमा एक साताभन्दा बढी समयदेखि भइरहेको आगलागीको कारण सयौं मानिसलाई घरवारविहीन बनाएको छ भने अकल्पनीय क्षति भएको छ । जङ्गलमा लागेको डढेलो बिस्तारै नियन्त्रणमा आउँदै गरेको इस्टानिया शहरको इभिया टापुका मेयर यियानिस कोन्टिजयासले राज्यद्वारा सञ्चालन टेलिभिजन इआरटीलाई बताए ।

हिजो मात्र घामको उज्यालो देखिएको र विशालरूपमा फैलिएको धूवाँले बासिन्दालाई दिक्क बनाएको मेयर कोन्टिजयासले बताए ।

डढेलोका कारण इभिया, एथेन्स र ग्रीसका अन्य भागका सयौं घर ध्वस्त भइसकेका छन् । गत जुलाईको अन्त्यदेखि शुरू भएको डढेलो बिस्तारै नियन्त्रणमा आउने सम्भावना देखिएको छ ।

गत सोमवार आगो निभाउने कार्यमा सरकारले पर्याप्त ध्यान नदिएको भन्ने विपक्षीको आलोचनाबीच प्रधानमन्त्री किरियाकोस मिचोटाकिसले राष्ट्रका सामु क्षमा मागेका छन् र जिम्मेवार व्यक्तिलाई दण्ड दिइने बताएका छन् । राज्यका तर्फबाट भएका कमजोरीप्रति म व्यक्तिगतरूपमा क्षमा माग्दछु, मिचोटाकिसले टेलिभिजनमा सम्बोधन गर्दै भनेका थिए । डढेलोको कारण हालसम्म तीन व्यक्तिको मृत्यु भएको छ । एकजना अग्निनियन्त्रक थिए भने एकजना उद्योगी थिए । तेस्रो व्यक्ति भने एकजना बुल्डोजर चलाउने व्यक्ति रहेका थिए । अरू धेरै व्यक्ति धूवाँ, पोलाइ र चोटपटकका कारण अस्पताल भर्ना भएका छन् ।


तस्वीरः फाइल

युरोपेली वन डढेलो सूचना केन्द्रले ग्रीसमा गत जुलाई २९ देखि अगस्त ७ सम्ममा ५६ हजार ६५५ हेक्टर वनक्षेत्र सखाप भएको जनाएको छ ।

नागरिक सुरक्षा अधिकारीका अनुसार युरोपेली युनियन र अन्य मुलुकले ग्रीसको आगलागी नियन्त्रण गर्न हालसम्म २१ वटा विमान, २५० वटा सवारीसाधन र १ हजार २०० भन्दा बढी अग्निनियन्त्रक पठाएका छन् । रासस




### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# युवाका मुद्दा कार्यन्वयनमा समस्या

**अन्तर्राष्ट्रिय युवा दिवस**

काठमाडौं, २७ साउन/रासस

नेपाललगायत विश्वमा अगस्त १२ तारिखमा अन्तर्राष्ट्रिय युवा दिवस मनाइने गरिन्छ ।

नेपालमा पनि यो वर्ष 'खाद्य प्रणालीमा रूपान्तरणः मानव र भूमण्डलीय स्वास्थ्यका लागि युवा नवप्रवर्तन' भन्ने मूल नाराका साथ यो दिवस मनाउन लागिएको छ ।

सरोकारवालाले बर्सेनि यो दिवस मनाए पनि युवाका मुद्दा कार्यान्वयनमा भने समस्या देखिएको छ । युवाका सवाललाई सम्बोधन गर्ने हेतुले संयुक्त राष्ट्रसङ्घले सन् १९९९ देखि हरेक वर्षको अगस्त १२ लाई अन्तर्राष्ट्रिय युवा दिवसका रूपमा मनाउने निर्णय गरेसँगै सन् २००० देखि नियमितरूपमा विश्वभर युवा दिवसका सन्दर्भमा विविध कार्यक्रम हुँदै आएका छन् ।

नेपालमा भने युवासँग काम गर्ने सङ्घसंस्थाको अगुवाइमा पहिलोपटक सन् २००४ देखि दिवस मनाउन थालिएको हो । नेपालमा पनि युवा दिवस मनाउन थालिएपछि युवाका मुद्दा केही न केही सम्बोधन हुन थालेका छन् तर युवालाई उच्च प्राथमिकतामा राखेर सरकारले धेरै कार्यक्रम ल्याए पनि ती कार्यक्रम प्रभावकारीरूपमा कार्यान्वयन नहुँदा युवा लाभान्वित बन्न सकेका छैनन् ।

युवाका मुद्दालाई सम्बोधन गर्न नेपालमा युवा विकास तथा परिचालनका लागि विसं २०६५ मा सरकारले युवा तथा खेलकूद मन्त्रालय, राष्ट्रिय युवा नीति, २०७२ मा युवा विकासका व्यापक विषयवस्तुलाई नीतिगतरूपमा समावेश गरेको पाइन्छ । यसैगरी, मुलुकमा कुल जनसङ्ख्याका ४०.३ प्रतिशत रहेको युवाको नेतृत्व तथा क्षमता विकास, उद्यमशीलताको विकास र स्वरोजगार, युवाको पहुँच र सहभागिताको सुनिश्चितताको माध्यमबाट समृद्ध राष्ट्र निर्माण गर्ने उद्देश्यले सरकारले पहिलोपटक युवाका क्षेत्रमा काम गर्नका लागि २०७२ फागुनमा राष्ट्रिय युवा परिषद् गठन गरेको हो ।


यस्तै, प्रदेश, जिल्ला र स्थानीय तहमा पनि युवाका लागि विभिन्न संरचना तयार गरिएका छन् । प्रदेश युवा परिषद्, जिल्ला युवा समिति र युवा क्लब सञ्जाल गठन गरिएका छन् । राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष माधवप्रसाद ढुङ्गेलले युवा लक्षित धेरै कार्यक्रम सरकारले ल्याए पनि युवाको क्षमता विकासमा प्रभावकारीरूपमा काम गर्न नसकिएको बताए ।

उनले युवा क्षेत्रमा धेरै नीति र संरचना बने पनि उनीहरूको क्षमता अभिवृद्धिका लागि सरकारले प्रभावकारीरूपमा काम गर्न अझै नसकेको बताए । "युवा क्षमताको प्रभावकारी उपयोग गर्न जरुरी छ," उनले भने, "सरकारले युवाको क्षेत्रमा विभिन्न कार्यक्रम ल्याए पनि प्रभावकारीरूपमा कार्यान्वयन हुन नसक्दा उनीहरूको क्षमताको प्रभावकारी उपयोग हुन सकेको छैन ।"

युवाका मुद्दालाई सम्बोधन गर्न नेपालमा युवा विकास तथा परिचालनका लागि विसं २०६५ मा सरकारले युवा तथा खेलकूद मन्त्रालय, राष्ट्रिय युवा नीति २०७२ र युथ भिजन–२०२५ ले युवा विकासका व्यापक विषयवस्तुलाई नीतिगतरूपमा समावेश गरेको छ ।

परिषद्का कार्यकारी उपाध्यक्ष ढुङ्गेलले नेपाली युवामा क्षमता भएपनि सरकारले उनीहरूको क्षमतालाई प्रस्फुटन गराउन नसक्दा धेरै नै क्षति बेहोर्नुपरेको बताए ।

उनले युवा वैज्ञानिक, अनुसन्धान, नवप्रवर्तन जस्ता क्षेत्रमा सरकारको ध्यान पुग्न नसकेको समेत बताए । उनले युवा क्षेत्रमा काम गर्नका लागि अलग्गै राष्ट्रिय गौरवको आयोजना स्थापना गर्नमा जोड दिए । दिवसकै अवसरमा युवा नेतृत्वमा विकास गर्नका लागि राष्ट्रिय परिषद्ले एक हप्तादेखि विभिन्न कार्यक्रम गर्दै आइरहेको छ ।



नेपाल तरुण दलका अध्यक्ष जीतजङ्ग बस्नेतले बनेका नीति र कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुँदा युवा पलायन बढेको बताए । उनले मौलिक हकको रूपमा रहेको स्वास्थ्य, शिक्षा र रोजगारलाई कार्यान्वयन गराइ युवाका मुद्दा सम्बोधन गर्नुपर्ने बताए । "युवाबाट प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेता पनि युवाका मुद्दा कार्यान्वयन गराउनतर्फ लागेको देखिएन," उनले भने, "युवाका क्षेत्रमा काम गर्ने राज्यका संरचनाले पनि युवाका मुद्दालाई सम्बोधन गर्न गम्भीर ढङ्गले काम गरेन ।"

उनले युवालाई मुलुकमा नै रोजगारीतर्फ उन्मुख गराउनका लागि कलकारखाना, उद्यमशीलतामा अग्रसर गराउनुपर्ने बताए । राष्ट्रिय युवा सङ्घका अध्यक्ष किरण पौडेलले कानूनगतरूपमा युवाका मुद्दासमेतका लागि धेरै नीति, कानून बने पनि कार्यान्वयनमा समस्या भएको बताए । सरकारले युवा लक्षित कार्यक्रम ल्याए पनि ती कार्यक्रम प्रभावकारीरूपमा कार्यान्वयन हुन नसकेको उनको भनाइ छ ।

"शिक्षा, स्वास्थ्य र रोजगारजस्ता युवा लक्षित कार्यक्रमहरू सरकारले ल्याएको छ," उनले भने, "तर ती कार्यक्रम कार्यान्वयन नहुँदा युवाका समस्या जहाँको त्यहीं छ ।" उनले युवालाई कृषितर्फ आकर्षित गराएर मुलुकलाई कृषिमा आत्मनिर्भर गराउनुपर्ने बताए ।

यङ कम्युनिस्ट लिग (वाइसिएल)का अध्यक्ष रामप्रसाद सापकोटाले राज्यले युवाका मुद्दामा खर्च गरे पनि परिणाममुखी बनाउन नसकेको बताए । उनले नीतिगत निर्माण, राजनीतिक नेतृत्व र रोजगारमुखी बनाउनेजस्ता कार्यक्रममा राज्यको अझै ध्यान पुग्न नसकेको उल्लेख गरे । "नीति र संरचनागत रूपमा युवाका मुद्दा सम्बोधन गर्नका लागि धेरै कार्यक्रम ल्याइएका छन्," उनले भचे, "तर ती युवाका मुद्दालाई व्यवहारमा उतार्ने ती कार्यक्रम सफल भएका छैनन् ।"

**एकद्वार प्रणाली अभाव**

परिषद्का उपाध्यक्ष ढुङ्गेलले अहिले युवाका क्षेत्रमा काम गर्ने निकायबीच समन्वय अभाव हुँदा पनि युवाका कार्यक्रम प्रभावकारी हुन नसकेको बताए । उनका अनुसार विभिन्न ११ मन्त्रालय र १८ विभागले युवाका क्षेत्रमा काम गरे पनि प्रतिफल प्राप्त हुन नसकेको बताए । "हामीले युवा लक्षित सबै कार्यक्रम एकद्वार प्रणाली अन्तर्गत परिषद्बाट गरौं भनेर पटकपटक सरकारको ध्यानाकर्षण गरायौं," उनले भने, "तर ती कार्यक्रम एकीकृत गर्न नसकेर प्रभावकारी हुन सकेको छैन ।"

उनका अनुसार सरकारी तवरबाट सङ्घ, प्रदेश र स्थानीय तह गरी करीब रु दुई खर्बको बजेट विनियोजन हुने गरेको छ । उनले राजनीति नेताको रोजाइ पनि युवा तथा खेलकूद मन्त्रालयप्रति नपर्ने भएकाले युवाका मुद्दामा सरकारको चासो कम भएको भन्ने बुझ्न सकिने बताए ।

परिषद्का उपाध्यक्ष ढुङ्गेलले युवाका मुद्दा सम्बोधन गर्न ल्याइएका नीतिगत कानूनलाई बिस्तारै कार्यान्वयनतिर लगिरहेको बताए । परिषद् गठनपश्चात् युवाका क्षेत्रमा धेरै काम भएको उनको भनाइ छ । युवाका क्षेत्रमा उल्लेखनीय काम गरिएको भन्दै परिषद्लाई संयुक्त राष्ट्रसङ्घले सन् २०१९ मा 'फ्युचर पोलिसी अवार्ड' प्रदान गरेको थियो ।

सन् २०१० मा नेपाल विश्व युवा विकास सूचकाङ्कमा १४५औं स्थानमा भएकोमा अहिले ६८ देशलाई उछिनेर ७७औं स्थानमा आउन सफल भएको छ । सार्क मुलुकमा चौथो स्थानमा रहेको छ । यस्तै, नेपाललाई सन् २०२५ सम्म विकासशील राष्ट्रमा पुऱ्याउन शिक्षालाई गुणस्तरीय, व्यावसायिक र रोजगारमूलक बनाउँदै सम्पूर्ण युवाको पहुँच सुनिश्चित गर्नका लागि 'युथ भिजन २०२५ सहित १० वर्षे रणनीतिक योजना' ल्याइएको छ ।

सरकारले नेपाली युवालाई स्वदेशमा नै उद्यमशील र स्वरोजगार बनाउने उद्देश्यले २०७५ सालमा सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि २०७५ ल्यायो तर उक्त कार्यविधि पूर्णरूपमा लागू नहुँदा हजारौं युवा बैंकबाट सहजै कर्जा पाउन नसक्दा स्वरोजगार बन्न सकेका छैनन् । सरकारले ल्याएको १५औं पञ्चवर्षीय योजना 'युवाको जाँगर समृद्धिको आधार' भन्ने मूल नाराका साथ युवालाई मुलुकको समृद्धिसँग जोडेको छ । युवा रोजगार प्रधानमन्त्री कार्यक्रम, युवालाई स्वरोजगार बनाउनका लागि युवा तथा साना लगानी स्वरोजगार सचिवालयको गठन जस्ता कार्यक्रम ल्याइएका छन् ।

श्रम, रोजगार तथा सामाजिक विकास मन्त्रालयको तथ्याङ्क अनुसार वार्षिक पाँच लाख ३८ हजार विदेश जाने युवा अहिले तीन लाख २३ हजारमा झरेको छ ।

यसबाट पनि नेपालमा नै युवा केही न केही रोजगारतिर लागेको देखिन्छ । यस वर्ष कोरोना भाइरस सङ्क्रमणका कारणले दिवस भर्चुअलरूपमा कार्यक्रम गरी मनाउन थालिएको हो ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – शत्रुपराजय | वृष – ज्ञानोदय |
| मिथुन – उदरपीडा | कर्कट – विजय |
| सिंह – धनलाभ | कन्या – भाग्योदय |
| तुला – बेचैनी | वृश्चिक – मनोरञ्जन |
| धनु – कर्मप्राप्ति | मकर – प्रगति |
| कुम्भ – वादविवाद | मीन – यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# पर्सा, बारामा वार्षिक सवा १० करोड लिटर डिजेल/पेट्रोल खपत

नितेश कर्ण, वीरगंज, २७ साउन/

पर्सा र बारामा आव २०७६/७७ मा १० करोड ३१ लाख ४ हजार लिटर र आव २०७७/७८ को माघसम्म ५ करोड ८२ लाख ३२ हजार लिटर



नेपाल आयल निगम वीरगंज र इन्सेटमा निमित्त प्रमुख यादव। तस्वीरः प्रतीक

पेट्रोल/डिजेल खपत भएको नेपाल आयल निगम वीरगंज शाखाका निमित्त प्रमुख पवन यादवले बताए।

उनले २०७६/७७ मा पेट्रोल २ करोड ३२ लाख २४ हजार र डिजेल ७ करोड ९६ लाख ६८ हजार लिटर खपत भएको बताए। त्यस्तै, आव २०७७/७८ को माघसम्म पेट्रोल १ करोड ३१ लाख २८ हजार र डिजेल ४ करोड ५१ लाख ४ हजार लिटर खपत भएको बताए।

आव २०७७/७८ को वैशाखसम्म २८ करोड ९२ लाख २ हजार ७४० लिटर पेट्रोल आयात भएको निमित्त शाखा प्रमुख यादवले बताए।

उनले गत वर्ष डिजेल ९७ करोड ८९ लाख ९ हजार लिटर, मटीतेल ८८ लाख, एलपी ग्यास १ लाख ९४ हजार ६०६ मेट्रिक टन र फर्निश आयल १४२ मेट्रिक टन आयात भएको जानकारी गराए। प्रमुख यादवले २०७६/७७ मा ३२ करोड ५३ लाख १५ हजार ७ सय लिटर डिजेल, ७७ करोड ३४ लाख ३४ हजार २ सय लिटर पेट्रोल, १ करोड २७ लाख ४ हजार लिटर मटीतेल आयात भएको बताए।

प्रमुख यादवले गत आव २०७७/७८ को वैशाखसम्म पेट्रोलियम पदार्थ र एलपी ग्यासमा भन्सार खर्च ३२ अर्ब ५९ करोड ३२ लाख ८८ हजार ३२३ रुपैयाँ भएको र सडक सुधार कर खर्च ३ अर्ब १० करोड ८३ लाख ९५ हजार ५९२ रुपैयाँ र भन्सार सेवामा ८ लाख ७१ हजार ३१५ रुपैयाँ खर्च भएको जानकारी गराए।

आव २०७६/७७ मा पेट्रोलियम पदार्थ र एलपी ग्यास आयातमा रु १४ अर्ब ७३ करोड १ लाख ३ हजार ८८४, सडक सुधार खर्च रु ३ अर्ब ४ करोड ४० लाख ९१ हजार, भन्सार सेवा खर्च रु १२ लाख ८८ हजार ७४० खर्च भएको जानकारी गराए।

उनले नेपाल आयल निगम वीरगंज शाखाले बारा र पर्सामा पेट्रोलियम पदार्थ, एलपी ग्यास बिक्री गर्ने बताउँदै अघिल्लो आव २०७६/७७ मा पेट्रोल २ करोड ३४ लाख २४ हजार र डिजेल ७९ करोड ६८ लाख लिटर तथा गत आव २०७७/७८ मा पट्रोल १ करोड ३१ लाख २८ हजार र डिजेल ४ करोड ५१ लाख ४ हजार लिटर बिक्री भएको बताए।

# पोखरिया नपाविरुद्ध युवा समाजद्वारा प्रदर्शन

प्रस, पोखरिया, २७ साउन/

पोखरिया नगरपालिकाविरुद्ध बुधवार



पोखरिया नपाअगाडि प्रदर्शन गर्दै। तस्वीरः प्रतीक

युवा समाजले पोखरियामा प्रदर्शन गरेको छ। गत सोमवार पोखरिया नगरपालिकाका नगरप्रमुख दीपनारायण रौनियारलाई युवा समाजले ९ बुँदे ज्ञापनपत्र बुझाउँदै दुई दिनभित्र माग पूरा गर्न आग्रह गरेको थियो। तर दुई दिनभित्र सो माग पूरा नगरिएको भन्दै आज समाजले प्रदर्शन गरेको हो। प्रदर्शनपछि नगरपालिका पुगेको समाजको टोलीले नगरप्रमुख, उपप्रमुखसहित कर्मचारीहरू अनुपस्थित भएपछि त्यहाँ उपस्थित शिक्षा शाखा प्रमुख विजयकुमार झासँग भेटेका थिए। उनीहरूले सो क्रममा झालाई अनुपस्थित कर्मचारीहरूको हाजिरी गयल गर्न लगाए। आजको प्रदर्शनको नेतृत्व युवा समाजका सुजीत गिरीले गरेका थिए।

टेन्डर कागजात पारदर्शी गर्नुपर्ने, जिल्ला उच्चाङ्ल रामदेव कलवार नमूना विद्यालयको खाता र प्रधानाध्यापक नियुक्तिसम्बन्धी समस्या समाधान गर्नुपर्ने, बिग्रिएका सडक मरम्मत गर्नुपर्नेलगायत ९ सूत्रीय माग राखेका छन्।

# टयाक्टर पल्टँदा युवकको मृत्यु

प्रस, सिराहा, २७ साउन/

पूर्व–पश्चिम राजमार्ग अन्तर्गत सिराहाको धनगढीमाई नगरपालिका वडा नं ७ स्थित सडकखण्डमा टयाक्टर पल्टिंदा एकजना युवकको ज्यान गएको छ।

गागन खोलानजीकै बुधवार बिहान टयाक्टर पल्टिएको र सोमा सवार सिराहाको गोलबजार नगरपालिका– ५ का ३० वर्षीय अरुण यादवको मृत्यु भएको प्रहरीले जनाएको छ। यादव सोही टयाक्टरमा मजदूरको रूपमा काम गर्थे।

टयाक्टर अनियन्त्रित भई पल्टिएको प्रहरीको अनुमान छ। टयाक्टर चालक र धनी फरार रहेकाले उनीहरूको खोजी भइरहेको छ।

# आत्महत्याको लागि उक्साउने प्रेमी पक्राउ

प्रस, सप्तरी, २७ साउन/

सप्तरीको सुरुङ्गा नगरपालिका–७ पोखरियाकी ज्योति पासवानको मृत्यु प्रकरणमा उनको प्रेमी तानिएका छन्। पासवानको प्रेमी कृष्ण मिश्रविरुद्ध प्रहरीमा उजूरीसमेत दर्ता भएको छ।

ज्योतिका पिता प्रमोदले मिश्रविरुद्ध आत्महत्या दुरुत्साहन ज्यानसम्बन्धी शीर्षकमा इलाका प्रहरी कार्यालय कडरबोनामा जाहेरी दर्ता गराएका हुन्। मृतक युवतीका प्रेमीविरुद्ध मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिए।

कृष्णाले ललाइफकाइ ज्योतिलाई लिएर गएको र यौन शोषण गरी छाडेपछि छोरीले आत्महत्या गरेको मृतक ज्योतिका बुबा प्रमोदले दिएको जाहेरीमा उल्लेख छ।

स्थानीय कृष्णाले बितेको फागुन १० गते पत्नी बनाउने भन्दै ज्योतिलाई लिएर गएका थिए। तर घर पुगेपछि कृष्णाका बुबाले उक्त विवाह आफ्नोलागि स्वीकार्य नरहेको भन्दै कुनै सम्पत्ति नदिने कागजमा सहीछाप गराएका थिए।

कृष्णाले ज्योतिलाई पाँच महीनासम्म पत्नी बनाएर सँगै लजमा राखेका थिए। कृष्ण असारको पहिलो साता कोठा खोज्न जाँदैछु भनी लहानतर्फ लागेको एक सातासम्म नफर्केपछि सो कुरा थाहा पाएर ज्योतिका बुबाले उनलाई माइतीघर लिएर गएका थिए। ज्योतिले माइतीघरमा साउन २३ गते आत्महत्या गरेकी हुन्।

माइत लगेर राख्दा पनि कृष्णाले वास्ता नगरेको र फर्केर नआएको हुँदा ज्योति सधैं तड्पिरहने र मानसिकरूपमा विक्षिप्त जस्तै बनिसकेको उनका आफन्तजनहरूले बताएका छन्।

# माइकमा करेन्ट प्रवाह हुँदा दुईजनाको मृत्यु

प्रस, जनकपुरधाम, २७ साउन/

भजनकीर्तन गाउने क्रममा माइकमा करेन्ट प्रवाह भएपछि धनुषाको क्षीरेश्वरनाथ नगरपालिकामा दुईजनाको ज्यान गएको छ। मृत्यु हुनेमा धनुषाकै लक्ष्मीनीयाँ गाउँपालिका–३ बस्ने ५० वर्षीय मनिराम यादव र ५४ वर्षीय बिन्दा दास रहेका छन्।

क्षीरेश्वर–३ पर्सामा मङ्गलवार साँझ करीब ६ बजेतिर उक्त घटना भएको प्रहरीले जनाएको छ। स्थानीय बुलन यादवले आफ्नो घरमा भजनकीर्तन लगाएका थिए।

सो क्रममा भजन गाउन माइक प्रयोग गर्न खोज्दा माइकमा नै करेन्ट प्रवाह भएर भजनमण्डलीका दुईजना सदस्यको ज्यान गएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

करेन्ट लागेका दुवैलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पुऱ्याइएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए। माइकमा करेन्ट कसरी प्रवाह भयो भन्नेबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## रिलिफको साधारणसभा ..........

वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतमले बताए। उनले जसरी उद्योगी स्व बिहारीलाल लाठले संस्थालाई खडा गरेर कान उपचार तथा अन्य सामाजिक क्षेत्रमा अघि बढाएका थिए, त्यसरी नै उनका भाइ र छोराहरू हुँदै अब संस्थाको जिम्मेवारी नयाँ पदाधिकारीको काँधमा आएकोले उच्च मनोबलका साथ काम गर्न शुभकामना दिए। उनले वीरगंज उद्योग वाणिज्य सङ्घले संस्थासँग हातेमालो गरेर अघि बढ्ने विश्वास व्यक्त गरे।

संस्थाका नवनिर्वाचित अध्यक्ष यादवले संस्था स्थापनाकालदेखि आफू निरन्तर लागिपरेको र गत वर्ष संस्थाका कतिपय पदाधिकारीको निधनले अपुरणीय क्षति पुगेको चर्चा गर्दै आगामी चार वर्षको जिम्मेवारी थपिएकोमा सबैको सहयोगमा संस्थाको काम, कर्तव्यलाई राम्ररी अघि बढाउने प्रतिबद्धता व्यक्त गरे।

संस्थाका संस्थापक सदस्य तथा प्रतीक दैनिकका प्रधानसम्पादक जगदीशप्रसाद शर्माले रिलिफ सोसाइटीले सामाजिक क्षेत्रमा गरेको कामको प्रशंसा गरे।

संस्थाका सदस्य तथा उद्योग वाणिज्य महासङ्घ प्रदेश २ का अध्यक्ष गणेशप्रसाद लाठले संस्थाको सुविधासम्पन्न सभाहलसहितको नयाँ भवन निर्माणको लागि चालू आवमा सबै मिलेर अघि बढ्नुपर्ने बताए।

संस्थाका अध्यक्ष अशोककुमार लाठको अध्यक्षतामा सम्पन्न साधारणसभामा महासचिवले आव २०७६/७७ को आयव्यय प्रतिवेदन प्रस्तुत गरेका थिए।

कार्यक्रममा समाजसेवी पशुपति विक्रम शाह, नेपाल रेडक्रस सोसाइटी पर्साकी उपसभापति मधु राणालगायतले मन्तव्य व्यक्त गरेका थिए।

# मनसुनी वायुका कारण केही स्थानमा भारी वर्षा हुने

काठमाडौं, २७ साउन/रासस

मनसुनी वायुका कारण बुधवार देशको केही स्थानमा भारी वर्षा हुन सक्ने अनुमान गरिएको छ। मनसुनी न्यूनचापीय रेखा नेपालको तराईनजीक आइपुगेकोले देशभर सामान्यदेखि पूर्ण बदली रही प्रदेश नं १, २, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा भारी वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागका मौसमविद् सविना शाक्यले बताइन्।

अबको दुई/तीन दिनसम्म देशमा मनसुन सक्रिय हुने भएकोले धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा हुन सक्ने र एक/दुई स्थानमा मेघगर्जन र चट्याङसहित भारी वर्षाको सम्भावना देखिएको उनको भनाइ थियो।

वर्षाका कारण पहाडी भूभागमा पहिरो तथा गेग्रान बहावको जोखिम रहेकोले नदीनाला र खहरे खोलामा पानीको सतह बढ्न सक्ने तथा यातायात क्षेत्रमा समेत असर पर्न सक्ने हुँदा सतर्क रहन आग्रह गरिएको छ।



आज दिउँसो धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा भएको साथै प्रदेश नं १, २, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका एक/दुई स्थानमा मेघगर्जनसहित भारी वर्षा भएको बताइएको छ। त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम १५.२ डिग्री र सबैभन्दा धेरै दिपायलको अधिकतम तापक्रम ३४.५ डिग्री सेल्सियस रहेको छ।




# वृद्धाश्रमको जग्गामा सरसफाइ

बलिराम शुक्ला, बिरुवागुठी, २७ साउन/

पर्सागढी नगरपालिका–३ बडनिहार बजार र सिर्जना टोलबीचमा निर्माण हुने आमोदेवी मानव सेवा तथा वृद्धाश्रमको



तस्वीरः प्रतीक

जग्गामा बुधवार सरसफाइ भएको छ।

कित्ता नं १ को करीब १७ कट्ठा सार्वजनिक जग्गामा आश्रम निर्माण हुनेछ। सोको लागि आज जेसिबीसमेतको प्रयोग गरी स्थानीयहरूको सहभागितामा सरसफाइ भएको थियो। वृद्धाश्रम निर्माणको लागि यसअघि गत पुसमा श्रीमद्भागवत ज्ञान महायज्ञ लगाइएको थियो। जसबाट रु ३२ लाख भवन निर्माणको लागि सङ्कलन भएको थियो। आमोदेवी मानव सेवा तथा वृद्धाश्रम समितिका अध्यक्ष अशोक बुर्लाकोटीले महायज्ञबाट जम्मा भएको रु ३२ लाखबाट वृद्धाश्रमको भवन निर्माण कार्य छिट्टै शुरू गरिने बताए। उनले आश्रम निर्माणमा अपुग रकम स्थानीय सरकार, प्रदेश सरकार र सर्वसाधारणसँग सहयोग लिने बताए।

# काँचो सालको गोलिया बरामद

प्रस, बिरुवागुठी, २७ साउन/

सबैया साझेदारी वन समितिले



तस्वीरः प्रतीक

बुधवार बिहान चार थान सालको काँचो गोलिया बरामद गरेको छ।

सबैया साझेदारी वनक्षेत्रमा तस्करहरूले कटान गरेर राखेको अवस्थामा विशेष सुराकीको आधारमा सबैया साझेदारी वन व्यवस्थापन समितिका बोर्ड सदस्य प्रेमसाह कानू नेतृत्वको टोलीले चार थान (१६ क्युफिट) काँचो सालको गोलिया पक्राउ गरेको हो।

बरामद भएको गोलिया सबैया साझेदारी वन व्यवस्थापन समितिको कार्यालयमा राखिएको सदस्य कानूले बताए।